# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमी

हिन्दु धर्म परम्परा अनुसार परम्परा देखि अछुतो वनाई पानी नचल्ने भनिएका विभिन्न जातजतिहरुलाई दलित जाति भनि सम्वोधन गर्न परम्परा बसेको छ । वास्तवमा दलित कुनै जात नभई विभिन्न जातजाति सम्वौधन गर्न शब्द हो । दलित शब्दको अर्थ हेपिएको, पिल्सिएको, दलिएको भन्ने रहे पनि वर्तमानमा यसको अर्थ यतिमा सिमित छैन । हिन्दु समाजमा दलित शब्द सर्वप्रथम भारतका दलित नेता डा. भिमराव अम्वेडकरले प्रयोग गरेको हुन । भारतमा सन् १९२७ तिर चलेको दलित शब्द हिन्दु समाजमा विभिन्न जातिय समुह भित्रका अछुत जातको साझा जातिय नामका रुपमा स्थापित हुन पुग्यो । भारतीय दलित नेताले शब्दलाई वि सं.२०२४ सालमा नेपाल राष्ट्रिय दलित जन विकास परिषद नामको संस्थाले पहिलो पटक प्रयोगमा ल्यायो । त्यस अघि नेपालमा अधुत परिगणीति हरिजन जस्ता शब्द संगठनका नाममा प्रयोग गरिन्थ्यो । यस प्रकार दलित आन्दोलनको क्रममा स्थापित दलित शब्दले हिन्दु समुदायले अछुत बनाएको जातको साझा परिचय वनाउन अर्थ ग्रहण गरेको छ । ति जातले पनि दलित शब्दलाई आन्दोलनवाट स्थापित साझा आफ्नो सम्मानजनक परिचयको रुपमा ग्रघण गरिसकेको छ । (आहुति २०६७)

शब्द उत्पत्तिका आधारमा दल + इत जसको शाब्दिक अर्थ माडिएको/पिल्सिएको र दलिएको र शान्त पारिएको भन्ने बुझिन्छ ।

वृहत नेपाली शब्दकोश (२०५२) अनुसार दलित समुदायलाई फक्ल्यौटा पारिएको दमन गरिएको थिचिएको, कुल्चिएको, विध्वंश गरिएको, नष्ट गरिएको वर्ग वा समाजमा हक, हित र प्रतिष्ठा पाउन नसकेको जाती वा समूह सामाजिक व्यवस्थाको असमानताले शोषिएको वा परिभाषित गरेको पाईन्छ ।

राष्ट्रिय दलित आयोगको अनुसार “हिन्दू वर्णाश्रम जाती व्यवस्थामा वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोईछिटो हाल्नु पर्ने जात जाती भनी जातीय भेदभाव

एवं समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक र राजनीतिक, शैक्षिक तथा धार्मिक रुपमा राष्ट्रिय मूल प्रवाहबाट पछाडि पारिएका जात जाती वा समुदायलाई दलित भनिन्छ (लाम्दागे, २०६१) ।

दलित गैर सरकारी महासंघका केन्द्रिय अध्यक्ष डि.बि. सागर विश्वकर्मा "दलित भन्नाले वंशगत सीप, श्रम र कलाका धनी समाज निर्माणका सर्जक समुदाय भन्ने बुझिन्छ । जसलाई कालन्तरमा समाज र राज्यले उनीहरुको श्रम, सीप र कला माथि अतिक्रमण गरी राज्यको तेस्रो दर्जाको नागरिकको रुपमा छुवाछुतको प्रथाद्वरा सामाजिक-राजनीतिक मूल प्रवाहबाट अलग्यायो । भने १९१० को मुलुकी ऐनद्वारा अछुत समूहको रुपमा किटानी गऱ्यो । अतः दलित इतिहासको काल खण्डामा अत्यन्तै सम्मानित र समाजका सर्जक समुदाय थिए । जसले देशको सुदूर पश्चिमका केही क्षेत्रमा शासन समेत सञ्चालन गरेको पाईन्छ भन्ने उहाँको धारणा छ । (लाम्दागे, २०६१)

**राष्ट्रिय दलित आयोगले दलित वर्गमा सूचीकृत गरेका दलित जाति वर्णाक्रम अनुसार**

**(क) पहाडे मूल**

१. गन्दर्भ

२. परियार (दमाई, दर्जी, सूचीकार, नगची, ढोली, हुँडे)

३. बादी

४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुदारा, पार्की, दमाहा)

५. सार्की (मिजार, चर्मकार, भूल)

**(ख) मधेशी मूल**

६. कलर

७. ककहीया

८. कोरी

९. खटिक

| | |
|---|---|
| १०. खत्वे (मण्डल, खङ) | ११. चमार (राम, मोची, हरीजन, रविदास) |
| १२. चिडीमार | १३. डोम |
| १४. भारीक (ताँती, दास) | १५. दुसाध (पासवान, हजरा) |
| १६. धोवी (रजक) | १७. पथ्थरकट्टा |
| १८. पासी | १९. वातर |
| २०. मुसहर | २१. मेस्तर |
| २२. सरभङ | |

स्रोत : राष्ट्रिय दलित आयोग स्मारिका - २०६१

दलित गीरविको अलवा समाजमा रहेको छुवाछुत, भेदभाव, जस्ता सामाजिक विकृतिका सिकार वनेका छन् । नेपालमा धेरै पटक राजनितिक तथा सामाजिक परिवर्तन भए देशमा नागरिक चेतनाको विकास भयो । सामाजिक शत्तिकरण भयो । शिक्षाको विकास भयो । यस्तो अवस्थामा दलित महिला हरुको सामाजिक र शैक्षिक अवस्थामा सुधार आउन पर्ने हो । सामाजिक असमानता विच दलित महिलाहरु समाजमा अपमानित जीवन विताउन वाध्य छन । यस्तो अवस्थामा उनिहरुको शिक्षाको अवस्था पनि कमजोर हुन सक्छ । सामाजिक तथा अन्य संघ संस्थामा संलग्नताको स्थीतिपनि नहुन सक्छ ।

शिक्षाले मानिसहरुको ज्ञान सीप र अमताको विकास गर्दछ । शिक्षाले देशलाई आवश्यक दक्ष, परिश्रमी, चरित्रवाल नागरिक तयार गर्दछ । समाज परिवर्तनको वाहको रुपमा रहेको शिक्षा सबै व्यक्तिले अनिवार्यरुपमा प्रांप्त गर्नु पर्दछ भन्ने वर्तमानको मान्यता हो । कुनै व्यक्तिले शिक्षामा लगानी गर्नु भनेको आफ्नो भविष्य उज्जल बनाउनु हो । भनिन्छ 'एक वर्षको जीवन चाहने भए धान रोपौं १० वर्षको जीवन चाहने भए रुख रोपौं १०० वर्षको जीवन चाहने भए शिक्षामा लगानी गरौ वर्ष सम्म

प्रतिफल दिईरहन्छ । वास्तवमा शिक्षित र दक्ष जनशक्ति राष्टका अमूल्य सम्पत्ति र प्रगतिका सवालहरु हुन् ।

शिक्षा क्षेत्रमा भएका अन्तराष्ट्रिय सम्मेलन र सभ्फौताले पनि महतवपूर्ण निर्णयहरु गरेका छन् । सन् १९६५ मा पकिस्तानको कराँचीमा भएको एशियाली राष्टको सम्मेलनमा निशुल्क शिक्षको घोषणा भएको थियो । सन् १९९० मा थाइल्यान्ड को राजधानी जोमटिन सबैका लागि शिक्षा कार्यक्रम घोषणा भएको थियो । त्यसैगरी सन् २००० मा सिनेशलको राजधानी इकारमा सबैका लागि शिक्षा विषयलाई लिएर विश्य शिक्षा मञ्चको बैठक बसेको थियो । यस मञ्चले डकार कार्यढाँचा 'सबैका लागि शिक्षा : हाम्रो सामुहिक प्रतिवद्धता' लक्ष्य प्राप्त गर्न ६ वटा लक्ष्य निर्धारण गरेको थियो । ति लक्ष्य पूरा गर्नका लागि १२ वटा नीतिहरु निर्धारण गरेको थियौ । यसमा नेपालले एउटा लक्ष्य थप गरी सातौं लक्ष्यमा जनजती,आादिवाी र प्रथ्क भाषाका अल्लसङ्ख्यक जनताले आफ्ना मातृभाषाको माध्यमबाट आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ । (सबैका लागि शिक्षा कार्यक्रम २००४-२००९)

विं.स २०६८ को जन गणना अनुसार नेपालमा २ करोड ६४ लाख ९४ हजार ५ सय ८ कुल जनसङ्ख्या रहेको छ । जस मध्य महिलाको सङ्ख्या १,३६,४५?४६३ छ । कुल जनङ्ख्याको ६५.९% साक्षर छन् । त्यसमा पुरुष साक्षारता ७५.१% भने महिलाको सारक्षरता ५३.४% मात्र रहेको देखिनछ । यसबाट महिला सारक्षारतको अवस्था कमजोर रहेको देखिनछ । (के .त वि २०६८) महिला र पुरुष समान रुपमा यस धर्तीमा जन्म लिएका हुन् । समाजले महिला र पुरुषलाई दिने भूमिने अनुसारको आधारमानै महिला र पुरुष विच असमानता रहेको पाइन्छ । यस्तो असमानताले महिलाको समाजिक स्थिति शिक्षाका साथै समाजका हरेक क्षेत्रमा असर पारेको छ । हाम्रे देशमा करिब २३.५%जनता गरिबिको रेखामुनि रहेका छन । ( के.तं.वि २०७०) यस्ले कमजोर आर्थिक अवस्थाको कारण परिवारका अलि ठूला केटाकेटिहरु घरको गरिविका कारण विद्यालयको खर्च जुटाउन पनि नुसक्ने अवस्था देखिन्छ ।

नेपालमा विविध प्रकारका जात जातिहरु वसोवास गर्दछन । उनिहरुको आफ्नै प्रकारको रहनसहन र सास्कृतिक क्रियाकलापहरु छन् । त्यस भित्र पर्ने प्यूठान नगरपालिका १६ भित्र वसोवास गर्न दलित जातिका महिलाहरुको शैक्षिक स्थीति कस्तो छ ? महिलाहरुका सामाजिक क्रियाकलाप र उनिहरुको समाजिक सस्थानमा भूमिका कस्तो रहेको छ । ति कुराहरुमा खोज अनुसन्धान गरी त्यस स्थानका सत्य कुराहरु पत्ता लगाइ यस सोधपत्र तया गरियको छ ।

## १.२ समस्याको कथन

समाजमा भएका अनेक प्रकारका भेदभाव गरिवी पछौटे पन आदिले गर्दा दलि तहरु आर्थिक, सामाजिक, शैक्षिक र अन्य गतिविधिमा पछाडि पर्नु स्वभाविक हो । समाजमा भएका कुरिती, अन्धविश्वास, कुसंस्कार र असमानताका कारण शिक्षालाई अगाडि वढाउन समस्या परेको छ । दलित महिलाले लामो समय सम्म काम गर्नु पर्ने विभिन्न सस्कारका कारण विद्यालयका नियमित नहुने र विचैमा विद्यालय छोड्नुपर्ने अवस्था देखिन्छ । यस्तो अवस्थामा प्यूठान नगरपालिका वार्ड नं १६ मा रहेको दलित महिलाहरुको शैक्षिक अवस्थामा उनिहरुको सामाजिक भूमिका कस्तो रहेको छ ? भनि अध्ययन गरेर यस सोध पत्रमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरियको छ ।

१. दलित महिलाको शैक्षिक अवस्था कस्तो रहेछ ?

२. दलित महिलाहरुको सामाजिक संस्थाहरु घरपरिवार, बिवाह, चाडपर्व, धार्मिक क्रियाकलाप, प्रथा, परमपरा संलग्नताको स्थितिको अवस्था कस्तो रहेछ ?

## १.३ अध्ययनको उदेश्य

यस अध्ययनको उदेश्य दलित समुदायमा केन्द्रित रहेको छ । दलित समुदायका महिलाहरुको शैक्षिक अवस्था र सामाजिक स्थीतिमा केन्द्रित रहि निम्न उदेश्यमा आधारित भयर यस अध्ययन गरियको हो ।

१. दलित महिलाको शैक्षिक अवस्थाको वर्णन गर्ने ।

२. दलित महिलाको शिक्षामा पहुच र शैक्षिक उपलब्धिको बिवेचना गर्ने ।

३. दलित महिलाको विभिन्न सामाजिक स्थितिको अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

यो अध्ययन प्यूठान जिल्लाका दलित महिलाको शैक्षिक र सामाजिक अवस्था वुझ्न गरियको हो । देशमा धेरै परिवर्तन आयो दलित महिलाको सामाजिक एवं शैक्षिक अवस्थामा पनि परिवर्तन हुनु पर्ने हो । यस समयमा प्युठानमा नगरपालिका वडा. नं. १६ मा वस्ने दलित महिलाको अवस्थाबारे अध्ययन गरिएको छ ।

यस अध्ययनको महत्वपूर्ण पक्ष भनेको नेपालको पहाडी जिल्ला प्यूठानको उक्त क्षेत्रमा रेहेका महिलाको सामाजिक स्थीति र शैक्षिक अवश्थाको सत्य तथ्य कुरा पत्ता लगाइएकाे छ । यस अध्ययन पछि प्राप्त नतिजाबाट दलित महिलाहरुले कसरी जीवन विताउन वाध्य छन् भन्ने कुराको जानकारी भएको छ । दलित महिलाहरुको अवस्था सुधार गर्नुपर्छ वा पर्दैन भन्ने कुराको जानकारी पाइन्छ । यस अध्ययनले प्यूठान नगरपालिकाको सदस्यहरुले पनि आफ्नो क्षेत्रको जानकारी प्राप्त गरेका छन् । यस अध्ययनबाट प्राप्त तथ्यले दलित महिलाका साथै अन्य जातका महिलाको पनि केहितथ्य जानकारी भएको छ । यस अध्ययनले सरोकारवाला सबै पक्षलाई दलित महिलाको अवस्था पहिचान गर्न सलिलो परेको छ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययन प्यूठान नगरपालिका वडा नं. १६ का महिलाको शैक्षिक र सामाजिक अवस्थाको विषयमा केन्द्रित रहेको छ । परिच्छेद एकमा परिचय, परिच्छेद दुईमा सम्बन्धित साहित्यको अध्ययन राखिएको छ । जसमा साहित्यको सैद्धान्तिक ढाँचा, लैङ्गिकता सम्बन्धी अध्ययन, नेपालको संविधानमा दलित अधिकार र तेह्रौ योजनामा औपचारिक शिक्षा सम्बन्धी रणनीति जस्ता विषयवस्तुहरु समेटिएका छन् । परिच्छेदन ३ मा अनुसन्धान विधि राखिएको छ । जसमा अनुसन्धान ढाँचा, अध्ययनको क्षेत्रको छनौट, नमूना छनौट, तथ्याङ्क संकलनका तरिका, तथ्याङ्कको प्रस्तुतीकरण र अध्ययनको सीमा समेटिएको छ । परिच्छेद ४ मा प्यूठान जिल्लाको भौगोलिक परिचय राखिएको छ । परिच्छेद ५ मा अध्ययन क्षेत्रका महिलाको शैक्षिक अवस्था राखिएको छ

। जसमा दलित महिलाको शैक्षिक स्थिति, शिक्षा प्रतिको धारणा र दलित महिलाको पारिवारिक शैक्षिक स्थितिको वर्णन गरिएको छ । परिच्छेदन ६ मा दलित महिलाको सामाजिक अवश्था राखिएको छ । जसमा दलित महिलाको उमेर, पेशा, सामाजिक क्रियाकलापमा संलग्नताको अवस्था, छुवाछुतको अवस्था र दलित महिलालाई सामाजिक अवश्थाले पारेको प्रभावको विषयमा व्याख्या गरिएको छ । परिच्छेद ७ मा दलित सामाजिक र शैक्षिक अवस्थामा देखिएका परिवर्तन राखिएको छ । जसमा छुवाछुत र शैक्षिक अवस्थामा आएको परिवर्तन सम्बन्धी विषय गरिएको छ । परिच्छेद ८ मा यस अध्ययनको सारांश र निष्कर्ष राखिएको छ । यसरी यस अध्ययनको संगठन रहेको छ ।

# परिच्छेद - दुई

# सम्वन्धित साहित्यको अध्ययन

## २.१ अध्ययनको सैद्धान्तिक ढाँचा

नेपाल एक वहुजातिय देश हो यहाँ विधितामा एकता कायम भएको छ । यहाँ विभिन्न जात जातिले आफ्नो प्रकारको संस्कार वोकेर बसेका छन् । नेपालमा वसोवास गर्ने विविध गर्ने जातजातीहरु मध्य दलित जातहरु पनि हुन् । नेपालमा वर्ण व्यवस्था कसरी विकास भयो भन्ने सम्बन्धमा आहुती भन्न हुन्छ भारतमा व्राहमण धर्मको थालनी भएको वेला नेपालमा मंगोल मुलका मानिसको किराँत राज्य थियो । त्यस वेलामा वर्णव्यवस्था चलन थिएन । इसाको प्रथम सताब्दितिरबाट वौद्धिक र व्राहमण धर्म मान्ने शाक्य, विदेह, कोलीय, लिच्छवि र मल्ल वंशिय शासकहरु विभिन्न समयमा नेपाल प्रवेश गरे । त्यति वेलासम्म चरम उत्कर्समा रहेको छुवाछुत सहितको वर्ण व्यवस्थामा आधारित सामन्तवादी मूल्य मान्यता र संस्कार वोकेर भारतबाट विभिन्न समयमा हिन्दु धार्मिक शासक र तिनका साथ जन समुदायहरु नेपाल प्रवेश गर्ने क्रममा नेपालको एकै ठाउँबाट भएको थिएन वरु तीनवटा दिशाबाट क्रमश फैलन थालेको देखिन्छ । तत्कालिन नेपाल वाग्मती उपत्यकामा किराँतको अन्त्य पछि लिच्छवि वशंको शरु भयो लिच्छविकाल (सन् २०० देखि सन् ८७९) को शुरुमै वर्ण व्यवस्था थालनी भयो । त्यसलाई मुलुक हरुको शासनकालमा राजा जयस्थीति मल्लले आफ्नो शासन कालमा वर्ण व्यवसथा झन कठोर पारे । त्यसै गरी इशाको पन्छौ सताब्दितिर प्रवेश गरेका हिनदु धार्मिय शासकहरुले पशिचम नेपालको गण्डकी क्षेत्रमा वर्णव्यव्वस्था लागुगरे यस क्रममा गोरखाका राजा रामशाहले चार भाषा बोल्ने ३६ जातको व्यवस्था कायम गरे । नेपालको तराइमा मैथिली र अवधि बोल्ने तराइका मधेशी समुदायमा पनि भारतबाट नै वर्ण व्यवस्था आइसकेको थियो । पछि गोरखाका राजा पृथ्वीनारायण शाहले आधुनिक नेपालको एकिकरण गरेपछि हिन्दू धर्मिय वर्ण व्यवस्था सिङ्गै नेपालको शासकको जातिय अहङ्कारमा आधारित शाहवंशिय सामन्ति सत्ताले दलित माथि पुरानो उत्पिडनलाई मात्र कायम गरेन अझ अगाडी बढेर क्रमश

मंगोल मुलका सम्पूर्ण जातिलाई समेत छुवाछुत र वर्ण व्यवस्थालाई आफ्नो संकृति बनाउन प्रेरित र प्रशिक्षित गर्‍यो । (आहुती २०६७)

नेपालमा जातिय व्यवस्था भारतिय हिन्दुहरु बाट भित्रिएको र यसले नेपालमा जरो गाडेर बसेको देखिन्छ । दलित जातहरुले नेपालमा हेपिएको र दलिएको अवस्थामा आफ्नो जीवन विताइ रहेका छन् । नेपालमा अहिले धार्मिक रुपमा दलित जाती भनेका अछुत जात हुन् भन्ने धारणा विकास भएको छ ।

दलितपनाको ऐतिहासिक श्रृङ्खला पूर्व जन्ममा, भाग्यमा धर्मान्धतामा विश्वास गर्ने साथै हेपाह र शोषणबिच प्रवृत्ति र प्रकृति भएकाहरुलाई बाहेक अन्यलाई हृदयविधारक लज्जास्पद र अमानवीय अवस्था हो । दलित समस्या साँस्कृतिक मात्र होइन आर्थिक राजनीतिक पनि हो । किनकी यो समस्या अह्राउने र अर्ने, हजुर र तँ, नदलित र दलित, छुन हुने र नहुने बिचको हो । पहुँचवाला र पहुँचहीन, शक्तिशाली र शक्तिहिन, सम्पन्नता र गरिब बिचको सम्बन्ध हो । (मिश्र २०६७)

दक्षिण एसियामा वर्ण समाजको स्थापनाको कथा सम्बन्धमा आहुती भन्नुहन्छ "आर्यनहरु भारत प्रवेश गर्नु अघि आजको भारतमा मूलतः द्रविड र आस्ट्रिक मूलका विभिन्न जातिहरुको त्यहाँ बसोबास रहि आएको थियो । ति जातिको आदिम र कविला युग कसरी विकसित भयो भन्ने अझैं प्रष्ट नभएपनि सिन्धु घाँटीमा उनीहरुले निर्माण गरेको हडप्पा र मोहेनजोदारोको सभ्यता साक्षी नै छन् । आर्यनहरु ई.पु. ३००० तिर अर्थात् करिब इरान हुँदै भारत प्रवेश गरी भारत यहाँको सामाजिक राजनीतिक जीवनमा हस्तक्षेप गर्न थाले । दक्षिण एसियाली मुलुकमा ऋग्वेदलाई आर्यनहरुको पुरानो ग्रन्थ मानिन्छ । यसको रचना इ.पू. १५०० देखि १००० वर्ष पुरानो मानिन्छ । १० मण्डल मध्य दशौ मण्डललाई वेद व्यासको धारण मानिन्छ । यस मण्डलमा नै वर्ण व्यवस्थाको उल्लेख गरिएको छ । त्यस विराट पुरुषको मुख ब्राम्हण, हात क्षेत्रीय, जाँघ वैश्य र खुट्टा शूद्र थिए भनी उल्लेख गरेको पाईन्छ । यसको अर्थ हो इ.पू. १००० वर्ष वर्ण व्यवस्थाको अवधारणाको जग बसेको थियो । आर्यहरुको आगमन पछि दुविड र आष्ट्रिक जातिको सभ्यतामाथि आक्रमण गरियो । आर्यनहरुको वर्ण गोरो र अरुको वर्ण

रातो, कालो र पहेलो भएकाले आर्यहरुको विजयको क्रमसँगै गोरो वर्ण बाहेकका जातिहरुलाई घृणा गर्ने रङ्ग विभेद देखा पर्‍यो । त्यसपछि विजेता आर्यनहरुले अनार्यनबाट श्रमजन्य काम गराउन थाले । यस क्रममा ब्राम्हणले पुरत्याई गर्ने ज्ञान हासिल गर्ने, क्षेत्रीले सैनिक र प्रशासनकि कार्य गर्ने, वैश्यले खेती र व्यापार गर्ने, साहुँले शिल्पकारी र सेवाको काम गर्ने कार्यको व्यवस्था गरे । ब्राम्हण शासित आर्यनहरुको वर्ण विभाजनलाई धर्मको रुप दियो । ब्राम्हण राजा मनुले वर्ण व्यवस्थालाई अत्यन्त कठोरतापूर्वक लागु गरी छुवाछुत समेत लागु गरे (आहुती २०६७) ।

नेपाल एउटा सानो राष्ट्र भएपनि "अनेकतामा एकता तथा विषण्मतामा समता भएको राष्ट्र हो । हिन्दू समाजमा जातिय परम्परालाई चार श्रेणी वा ४ जात ३६ वर्णमा (पृथ्वी नारायण शाह) ले विभाजित भएको पाउछौं । जस्तै : ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र उच्चता र नीचताको दृष्टिले हेरिएको छ । अर्थात् ब्राम्हण सबैभन्दा माथिल्लो श्रेणी अन्तर्गत मानिन्छ भने शुद्रलाई सबैभन्दा तल्लो श्रेणीमा अछुत मानिन्छ । यसरी जातिय विभाजनको आधारमा ठूलो जात निम्न स्थानमा अछुत, दलित वर्गको रुपमा हेरिन्छ ।

शर्मा (२०५६)

पश्चिम नेपालको बझाङ जिल्लाको भलरा क्षेत्रमा वसोवास गर्ने दलितहरुमा गरियको समाजशास्त्रीय अध्ययनमा भेरी क्यामरोन भन्छिन "छुवाछुतले गरेको त्यस क्षेत्रको अवश्थामा उपल्लो जाति र तल्लो जाति विच  सामाजिक, सास्कृतिक, र आर्थिक विभद रहेको छ । तल्लो जातको रुपमा रहेको कानीले  फलामको काम  गर्ने सुनको काम गर्ने दमाइले लुगा सिलाउने सार्कीको जुत्ता सिलाउने वादीले गाएन वजान गरेर मनोरञ्जन दिने तथा धुम्रपानको लागि सोल्फा वनाउन जस्ता पूर्ण रुपमा माथिल्लो जातका मानिसहरुका लागि सेवामुलक कार्यका रुपमा परम्परागत रुपबाट चल्दै आउका पेशा हुन् । माथिल्लो  जातको सेतिपाती लगाउने  कार्य  पनि तल्लो  जातले गर्दछन् । यसरी माथिल्लो जाताको मानिसको  रहेपनि खाना पानी जस्ता कुराहरु तल्लो जातका मानिसले छोएको अशुद्ध मानिने र त्यस्तो छोइ भएको खानेकुरा नखाने दालित सँग छोइ भएपछि, पानी छर्केर शुद्ध हुने अवस्था रहेको छ ।

माथिल्लो जातका ब्रामण क्षेत्री ठकुरी बाट तल्लो जातका कामी, लुहार, दमाइ, सार्की वादीहरुको एक आपसमा रिथी भाग्य प्रचलनबाट समन्ध रहि आएको छ । जसमा परिवार पिच्छे आफ्नो भाग्य दलित उपजात रहेका छन् । उनिहरुले उपल्लो जातका मानिसहरुसँग श्रम र चिज वस्तुको विनियमसँग आफ्नो जीवन गुजार्न वाच्य छन् । दैनिक उपयोग वस्तुहरु जस्तै चामल पिठो दाल,नुन, खुर्सानी अन्य कच्चा अन्नपातहरु माथिल्लो जातका  मानिसहरुको सेवा गरेवापत प्रात गर्दछन् । त्यस्तैगरि उनिहरुले माथिल्लो जातको वषै भरि सेवा गरेवापत वालि काटने र चुटने वेलामा खलोमा गई अन्न संकलन गर्दछन् । त्यसैवाट जीवन गुजार्न वाँध्य हुन्छन्  (क्यामरोन २००५) ।

जातिय हिसावले दलितहरु प्राय देशका सवै ठाउँमा वसोवास  गरेको पाइन्छ । दलित भित्र पनि विभिन्न जातहरु पाइन्छ । तिनिहरु आफ्नै संस्कृति पाइन्छ ।

## २.२ लैङ्गिकता सम्बन्धि अध्ययन

Bennett (१९७३) ले नेपाली बाहुन, क्षेत्री बस्ती रहेको काठमाडौं नजिक रहेको समाजमा गरिएको अध्ययनमा बाहुन क्षेत्रीहरुको पितृ प्रधान समाज रहेको वर्णन गरिएको छ । जसमा नेपाली उच्च जातका महिलाहरुको सामाजिक र प्रतिकात्मक भूमिका पत्ता लगाएका छन् । घर भित्रका कार्यमा महिलाको भूमिका बढी भएको, जन्म, मृत्यु जस्ता संस्कारमा पुरुषको भूमिका बढी रहेको, पितृ प्रधान समाज भएका कारण नयाँ जन्मने बच्चामा पनि बाबुको थर, गोत्र राख्ने, बच्चा जन्मदा र रजस्वला हुँदा महिलालाई अशुद्ध मान्ने, मृत्यु संस्कारमा दागबत्ती दिने, क्रिया बस्न र श्राद्ध गर्न महिलालाई बन्देज गराइएको र अविवाहित महिलाहरु पवित्र मानिने र विवाहित महिलाहरु दुषित मानिने सामाजिक पद र भूमिकाहरु कमजोर हुन्छन् भन्ने जस्ता तथ्यहरु विनेटले आफ्नो अध्ययनमा व्याख्या गरेकि छन् ।

March (२००२) ले नेपली तामाङ समुदायको अध्ययन गरेकी छन् । नेपाली तामाङ समुदायमा पितृ प्रधान समाज रहेको, उनीहरु पनि अन्य नेपाली जस्तै भाग्यमा विश्वास गर्दछन् । त्यसैका आधारमा महिला-पुरुष पृथक व्यवहार हुन्छन् । तामाङ

महिलाहरु घरायसी कामका अतिरिक्त कृषिकार्य र बुनाईको कार्य गर्दछन् । यसले लैङ्गिक श्रम विभाजन प्रक्रियामा प्रभाव पार्दछ भन्ने कुरा बताएकी छन् ।

काठमाडौँ नजिक गोठाटार गा.वि.स. मा तुल्सीरामा घिमिरेद्वारा गरिएको सार्की जातिको सामाजिक र आर्थिक अवस्थाको अध्ययनमा सार्की जातिको व्यक्तिहरु अधिकांश निरक्षर भएको, समाजमा फोहर मैला भएको, पौष्टिक खानाको अभाव, जाँड रक्सी सेवन गर्ने गरेको भन्ने जस्ता तथ्यहरु रहेका छन् । (घिमिरे २०७२)

कामि जातिहरुमा कास्की जिल्लाका अध्ययनमा शैक्षिक क्षेत्रको पूण रुपमा  परिवर्तन आएको  देखिन्छ । यहाँ साक्षरताको प्रतिशत ५३.५४ प्रतिशत रहेको छ भने महिला साक्षारता ३७.३ प्रतिशत रहेको देखिन्छ । आज भेली कामि  जातिमा पनि आधुनिकताले प्रभाव पारेको छ  (खत्री २०५८) ।

व्राम्हण  क्षेत्री जातीमा हिन्दू परम्परा अनुसार महिलाहरुलाई त्यति सम्मान गरिदैन । विभिन्न धार्मिक क्रियाकलापहरुमा, सांकृतिक क्रियाकलापहरुमा सहभागि गराइदैन । घरमा अविवाहित छोरालाई पवित्र मानि राम्रे स्थान दिन्छन । विवाहित वुहारिलाई घरमा उचित स्थान दिईदैन । गुरुङ, मगर, र तामाङ समुदायमा महिलाहरुलाई केहि स्वतन्त्रता दिएपनि महिलाहरुलाई सामान्य वस्तुको रुपमा लिईन्छ ।

## २.३ नेपालको संविधानमा दलितहरुको अधिकार

नेपालको संविधान २०७२ को भाग तीनको धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकको निम्नानुसार व्यवस्था गरिएको छ ।

१. कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत भेदाभाग गरिने छैन ।

२. कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्ता वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक

लगाइने वा त्यस्तो बस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्रि वितरण वा प्रदान गरिने छैन ।

३. उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घुणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

४. जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

५. यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(नेपालको संविधान २०७२ )

## २.४ नेपालमा शिक्षा सम्बन्धी नयाँ कार्यक्रम तेह्रो योजनमा औपचारिक शिक्षा सम्वन्धी रणनिति

“साक्षार नेपाल अभियान कार्यक्रम खुल्ला शिक्षा तथा दुर सिकाई ग्रहण, शिक्षा किसान मजदुर तथा विपन्न समुदाय लक्षित शैक्षिक कार्यक्रम जस्ता वैकलपिक कार्यक्रम संचालन एवं विस्तार गर्ने, निरनतर शिक्षा प्राप्त ज्ञानको समकक्षता निर्धारण प्रमारिकरण गर्न, वैकलपिक शैक्षक कार्यक्रम र आनौपचारिक कार्यक्रम विच सह सम्वन्ध स्थापना गर्न, खुल्ला शिक्षा प्रदायक विद्यालयको क्षमता बिकास शैक्षिक उपलब्धि कमजार रहेका समुदाय दलित लोपउन्मुख जाति साक्षरता वर्गको लाक्षित सिप विकासका लागि साक्षरता कार्यक्रम र नव साक्षरतालाई निरन्तर शिक्षा लगायत यस आयोजनाका कार्य हुनेछन्” ।

**साक्षरता र महिला विपन्न समुदाय सम्वन्धि रणनिति**

१. साक्षर नेपाल अभियान प्रभावकारी वनाउने सवै सरोकारवालाहरुलाई गर्न ।

२. विपन्न सिमान्तकृत समुदाय र अपाङ्गता भएका ब्यक्तिहरुलाई शिक्षामा पँहुच सनिश्चित गर्न ।

३. सबै तहको शिक्षामा महिला, आदिवासि, जनजाति, दलित, विशेष आवश्यकता भएका ब्यक्तिहरु लगायत लक्षित समुदायको पहुच सुनिश्चित गर्न आरक्षण छात्रवृति  लगायत विकल्पको बिस्तार गरिने छ (रा.यो.आ. २०७०-२०७३) ।

यसरि तेह्रो योजनाले साक्षारताको प्रतिशत वृद्धि गरि १५ देखि २४ वर्षको साक्षारताको प्रतिशत ८६.५% पुऱ्याउने लक्ष्य राखिएको छ । महिला, आदिवासि, दलित, जनजातिहरुलाई लक्षित कार्यक्रम र अनौपचारिक शिक्षा र साक्षारोत्तर शिक्षा विकास गदै जाँदा सबै जात जातिका महिलाहरू र अपाङ्ग सम्म शिक्षाको पहुच विस्तार हुदै जने देखिन्छ ।

# परिच्छेद तीन

# अनुसन्धान विधि

यस अध्ययन गर्नको लागि सूचना संकलन गर्न अपनाइएका विधि, अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनोट, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क संकलन तरिका र अध्ययनको सीमा जस्ता विषयलाई यस परिच्छेदमा समावेश गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा महिलाको शैक्षिक र सामाजिक स्थितिका वारेमा खोजी गरिने हुँदा शैक्षिक अवस्था र सामाजिक स्थितिका वारेमा वर्णनात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यहरुको वर्णन गरिएको छ । त्यसैगरी महिलाको सामाजिक स्थितिको तथ्य निकाली व्याख्या र विश्लेषण पनि गरिएको छ । सङ्ख्यात्मक रुपमा पनि विभिन्न तथ्याङ्कको प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनोट

नेपालको मध्य-पश्चिमाञ्चल विकासक्षेत्रका ३ अञ्चल मध्य राप्ती अञ्चलको प्यूठान जिल्लामा प्यूठान नगरपालिका रहेको छ । यहाँका ७ वटा गाउँ विकास समितिलाई २०७१ वैशाख २५ गतेको नेपाल सरकारको निर्णय अनुसार मिलाइ १९ वडा भएको नगरपालिका कायम गरिएको छ (प्यूठान जिल्लाको वस्तुगत विवरण पुस्तीका २०७१) । यस वडामा दलित जाति लगायत जनजाति, ब्राम्हण, क्षेत्री, सन्यासी जस्ता जातजातिहरुको पनि वसोवास छ । यहाँ दलित जातिको वस्ती वाक्लो छ । त्यसैले दलित जाति र दलित महिलालाई अध्ययनमा छानिएको हो । यस क्षेत्र अध्ययन कर्ताको पूर्व परिचित क्षेत्र हो । यो क्षेत्रमा सूचना सङ्कलन गर्न सजिलो हुने हुँदा यस प्यूठान नगरपालीका वडा नं. १६ लाईनै अध्ययन क्षेत्र छनोट गरिएको हो ।

## ३.३ नमुना छनोट

प्यूठान नगरपालीका वडा नं. १६ ले ठूलो भौगोलिक क्षेत्र आगटेको छ । यहाँ दलितहरुको वस्ती भएका पाहरपाखा, धर्गे, वेवरे ठुलासिम जस्ता गाउँहरु छन् । ति

गाउँहरु मध्ये पाहारपाँखा गाउँलाई छनोट गरिएको छ । ति गाउँमा रहेका दलित ८४ घर धुरी रहेका छन् । ति घर धुरीहरुलाई नम्बर दिँदै जाँदा धुरी अनुसार एक देखि ८४ नम्बर दिइयो । ति ८४ वटा घर धुरीको ८४ वटा चिठ्ठा बनाई ५० वटा चिठ्ठा टिपियो । ति ५० वटा चिठ्ठामा परेका घर धुरीको अध्ययनका लागि नमूना छनौट गरियो ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

दलित महिलाको अवस्थाबारे अध्ययन गरिएको हुँदा तथ्याङ्कको स्रोत निम्नानुसार प्रयोग गरिएको छ ।

### प्राथमिक स्रोत

प्रत्यक्ष मानिसहरुसँग भेटघाट, अवलोकन, र प्रश्नावलीवाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

### द्वितीय तथ्याङ्क स्रोत

पुस्तक, पत्रपत्रिका, सूचना, लेख, रचना, विद्यालय र नगरपालिका अभिलेखहरु अध्ययन गरेर तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका तरिका

### ३.५.१ स्थलगत अवलोकन

यस अध्ययन कार्य समाजमा हुने विभिन्न मेला, पर्व, कुल पुजा गर्ने स्थान, धार्मिक संस्कार, घरको बनावट र सरसफाई जस्ता तथ्यहरु अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ प्रश्नावली

नमूना छनौटमा परेका व्यक्तिहरुसँग सामाजिक साँस्कृतिक सहभागिता, धार्मिक सहभागिता, घरायसी कार्यमा र सामुदायिक कार्यमा संलग्नताको अवस्था बारेमा विभिन्न प्रश्न बनाई उत्तर मौखिक रुपमा संकलन गरिएको छ ।

त्यसैगरी छुवाछुतको अवस्था र शिक्षामा आएको परिवर्तनका कारणहरु पनि प्रश्नावली बनाई उत्तर संकलन गरिएको छ ।

### ३.५.३ घरधुरी सर्वेक्षण

नमुना छनोटमा परेका परिवारको विस्तृत विवरणको खाका बनाई घरधुरी सर्वेक्षण गरेर अध्ययन क्षेत्रका महिलाका पारिवारिक विवरण, शिक्षाको अवस्था, पेशा, उमेर, जस्ता तथ्यहरु संकलन गरिएको छ ।

### ३.५.४ द्वितीय श्रोतको तथ्याङ्क संकलन

जनसंख्या सम्बन्धि सूचना अध्ययन, त्यसैगरी नगरपालीकाले संकलन गरेको तथ्याङ्क, अध्ययन, विद्यालयका विद्यार्थीको रेकर्ड अध्ययन, र पुस्तकालयमा पुस्तक, जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन र जिल्ला तथ्याङ्क कार्यालय प्यूठानको प्रतिवेदन र पत्रपत्रिकाहरु अध्ययन गरी विभिन्न तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ संकलित तथ्याङ्कको प्रस्तुतीकरण

संकलित तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृतिअनुसार विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । दलित महिलाहरुको शैक्षिक र सामाजिक स्थीतिको वारेमा गरिएको अध्ययन वाट प्राप्त सूचनाहरु वर्गिकरण गरी व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । संख्यात्मक तथ्याङ्कलाई तालिका वारचार्ट र पाइचार्ट बनाई प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

यस अनुसन्धान मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ति अञ्चलमा पर्ने प्यूठान नगरपालिकाको वडा नं. १६ मा सिमित रहेको छ । यस वडाका अन्य गाउँहरु नभइ

दलितको वाक्लो बस्ती रहेको पाहारपाखा गाँउलाई नै लिइएको छ । यस वडामा बसोसास गर्ने ब्राहमण, क्षेत्री, सन्यासी, जनजातीहरु पनि छन् । तर ति अन्यजात नभइ दलित र दलितमा पनि महिलामा यस अध्ययन केन्द्रित भएको छ । त्यसैगरी महिलाको पनि शैक्षिक र सामाजिक अवस्था मात्र अध्ययन गरिएको छ । यस अध्ययनले अन्य वडा, गा.वि.स. र अन्य जिल्लामा रहेका दलित महिलाको प्रतिनिधित्व नगर्न सक्छ । अन्य क्षेत्रमा अध्ययन गर्न यस अध्ययनले रोक्ने छैन ।

# अध्याय चार

# अध्ययन क्षेत्रको भौगोलिक परिचय

## ४.१ परिचय

नेपालका कुल ७५ जिल्ला मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने राप्ती अञ्चलको एक जिल्ला प्यूठान हो । यो जिल्ला ८२°३०' देखि ८३° पूर्व देशान्तर र २७°५५' देखि २८°२५' उत्तिरी अक्षासको विचमा फैलिएको छ (सूचना विभाग २०३१) । यस जिल्लाको मानचित्र हेर्दा पूर्व पश्चिम फैलिएको र उत्तर, दक्षिण लम्विएको देखिन्छ । समुद्र सतह देखि ३०५ देखि ३६५९ मिटर सम्मको उचाइमा अवस्थित यस जिल्लाको क्षेत्रफल १३०९ वर्ग कि.मि. रहेको छ । औसत अधिकतम २४° से र न्यूनतम १४°से सम्म जिल्लाको तापक्रम रहन्छ । यस जिल्लाको पूर्व गुल्मी, पश्चिममा दाङ र रोल्पा उत्तरमा रोल्पा र वाग्लुङ दक्षिणमा अर्घाखाची जिल्ला रहेको छ (जि.वि.स. प्यूठान, २०७०) ।

## ४.२ प्राकृतिक वनावट

प्राकृतिक हिसाबले प्यूठानलाई ३ भागमा विभाजन गर्न सकिन्छ (गौतम, टङ्केश्वर पृ.१०, २०१७) ।

१. लेकाली भाग

२. पहाडी भाग

३. वेसी भाग

### लेकाली भाग

२,१३४ मिटर भन्दा अग्लो हिउदमा निकै जाडो हुने हिउ पर्ने ग्रेनाइट, स्लेट, दर्शनढुङ्गा युक्त चट्टान भएको यस भागमा स्याउलीवाङ, कोठी लेक, तिनपारे भिर, स्वर्गद्वारी लेक र पञ्चासेको लेक जस्ता लेकहरु पर्दछन् (गौतम, टङ्केश्वर पृ.१०, २०१७) ।

### पहाडी भाग

९१५ मि देखि २१३४ मिटर सम्मका भूभागहरु यस क्षेत्रमा पर्दछन् । तसारा, नरीकोट, लिवाङ, खवाङ जस्ता ठाउँहरु उर्वर पाखो जग्गा यस भागामा पर्दछन् (गौतम, टङ्केश्वर २०१७) ।

### वेसी भाग

९१५ मि भन्दा होचो भाग धर्मावती माण्डवी र राप्ति नदी आसपासका क्षेत्रहरु यस भागमा पर्दछन् । दाखा क्वाडी, विजुवार, पुण्यखोला, गरिगाँउ, खैरा, वाग्दुला, वाङ्गेसाल आदि क्षेत्रहरु यस भागमा पर्दछन् ।

### ४.३ नदिनालाहरु

प्यूठान जिल्लामा झिमरुक र माण्डवी नाम गरका २ वटा नदिहरु वग्दछन् । झिमरुकको प्राकृतिक गाइको मुखवाट ह्वाल, ह्वाल पानीको धारा आएकोले यसलाई गौमुखि भनिन्छ । गर्तन, लुङ, चुदरी, जुम्री र छापे जस्ता खोलाहरु यसका सहायक नदी हुन् । यस नदीले ठुलो फाँट सिचाइ गरेको हुनाले यसलाई धमावती नदी पनि भनिन्छ (गौतम टङ्केश्वर २०१७) । धर्मावती र माण्डवी नदीको संगम ऐरावतीमा भएपछि यस नदीको नाम राप्ती हुन्छ । यसै नदीको नामबाट राप्ती अञ्चल नाम रहन गएको हो । यसरी प्यूठान जिल्ला सदावहार रुपमा वगिरहने नदीहरुले सिञ्चित भूभाग भएको जिल्ला हो । यो जिल्ला नदी नालाको धनी जिल्लको रुपमा परिचित छ ।

### ४.४ जात जाती जनसंख्या

प्यूठान पहाडी जिल्ला हो । यहाँ पहाडमा वसोवास गर्ने मगर, गुरुङ, ठकुरी, सुनार, दमाइ, कामी, सुनार, नेवार, कुमाल, सन्यासी, ब्राहमण, क्षेत्री जस्ता जातजातिहरु बसोबास गर्दछन् । २०६८ को जनगणना अनुसार यस जिल्लाको जनसंख्या २,२८,१०२ जना रहेको छ । जसमा १,२८,०४९ जना महिला र १,००,०५३ जना पुरुष रहेका छन् । जनसंख्या वृद्धिदर ०.७१ प्रतिशत रहेको देखिन्छ भने जनघनत्व १७४ जना प्रति वर्ग कि.मि रहेको छ । यसरी हेर्दा प्यूठान जिल्लामा जनसंख्या वृद्धिदर कम रहेको देखिन्छ (

प्यूठान जिल्लाको वस्तुगत विवरण पुस्तिका २०७१ जिल्ला तथ्याङ्क कार्यालय प्यूठान, के.त.वि., २०६८) ।

**४.५ प्यूठान जिल्लाको शैक्षिक अवस्था**

प्यूठान जिल्ला आधारभूत शिक्षा सुनिश्चिचताको हिसावमा अग्रणी स्थानमा छ । यस जिल्ला २०७२ आषाढ २० गते साक्षर जिल्ला घोषणा गरिएको थियो । त्यस दिन सम्म १२ देखि ६० वर्ष उमेरका साक्षरता प्रतिशत सो समुहको जनसंख्याको तुलनामा ९७.७ प्रतिशत पुगेको थियो (स्रोत : जिल्ला शिक्षा कार्यालय २०७२ साक्षर जिल्ला घोषणा प्रतिवेदन) । त्यसै गरी विद्यालय जाने वालवालिका २०७१ को तथ्याङ्क अनुसार २६७ जना मात्र सो उमेर समुहका विद्यालय भन्दा वाहिर रहेका थिए (जि.शि.का. प्रतिवेदन, २०७२ ) ।

औपचारिक शिक्षाको उच्च शिक्षा अध्यापन गराउने ५ वटा त्रि.वि.वाट सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् ।

**४.६ प्यूठान जिल्लाकोनामाकरण र पर्यटकीय स्थलहरु**

प्यूठान जिल्लाको नाम प्यूठान कसरी रहयो भने विभिन्न विचारहरु पाइन्छन् । यहाँ मगर वस्तीहरु धेरै हुनाले विभिन्न ठाउँ र गाउका नाम मगर भाषामा रहेका छन् । यस जिल्लाको नाम पनि मगर भाषमै रहेको हुन सक्छ । खासगरी शान्ति सव्यवस्थाका लागि पिउन वस्ने ठाना भएकाले प्यूठान नाम पिउठानाबाट अपभ्रंस भई प्यूठान भएको तर्क पनि स्थानीय वासिन्दाको रहेको छ (गोतम, टङ्केश्वर २०१७) ।

पर्यटकीय दृष्टिकोणले पनि प्यूठान जिल्ला महत्वपूर्ण रहेको छ । प्यूठान जिल्लामा रहको स्वर्गद्वारी धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण स्थान हो । यो समुद्र सतह देखि अन्दाजी २१२१ मिटर माथी रहेको छ । यसैगरी प्राचिन प्यूठान राज्यको राजधानी रहेको भित्रीकोट पनि पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिन्छ । विजवार वजार ब्यापारिक दृष्टिले महत्वपूर्ण मानिन्छ । कालिकास्थान, भैरवस्थान, जालपास्थान जस्ता मन्दिरले विजुवार वजारको सांस्कृतिक महत्व वढाएको छ । धर्मावती नदीको उद्गम स्थल र संगम स्थल गौमुखि र ऐरावती पनि पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिन्छ । प्यूठान

जिल्लामा रहेका मारुनी नृत्य, माडिखोले नाच, र तिहारमा लाग्ने सरायँ नृत्य पनि यहाँको सांस्कृतिक सम्पदा हुन् ।

यसरी पहाडी क्षेत्रमा रहेको प्यूठान जिल्लाको विभिन्न जातजातीको वासस्थान हो । यस अन्य जाति जस्तै दलित जातहरुले पनि आफ्नै रितिरिवाज र रहनसहन बोकेका छन् ।

**४.७ प्यूठान जिल्लामा प्यूठान नगरपालीका**

नेपाल सरकारको वि.स. २०७१ वैशाख २५ गतेको निर्णय अनुसार साविक ७ वटा गा.वि.स. हरु खल्ङ्गा, खैरा, दाखाक्वडि, विजयनगर, विजुवार, धर्मावती र भरन्ठानाका ६३ वडालाई मिलाई १९ वटा भएको विशाल नगरपालीका कायम गरिएको छ । जिल्लाको सदरमुकाम खलङ्गा र प्रमुख व्यापारिक केन्द्र दाखाक्वाडी, विजवार जम्री, वाग्दुला जस्ता क्षेत्रहरु पनि यहाँ छन् । यसको केन्द्र खलङ्गामा रहेको छ । यस नगरपालीकाको कुल जनसंख्या ३८५३६  जना रहेको छ । जसमा महिला २०८०५ जना ५३.९९ प्रतिशत रहेको छन् भने पुरुष १७७३१ ज्ना ४६.०१ प्रतिशत रहेको छ । घर धुरी संख्या ९२४९ र यसको क्षेत्रफल ११६४९ हेक्टर रहेको छ (प्यूठान नगरपालीका नगर विकास योजना, २०७१) ।

# परिच्छेद ५

## अध्ययन क्षेत्रका दलित महिलाको शैक्षिक अवस्था

### ५.१ शैक्षिक अवस्था

समाजमा अछुत मानिएका दलित जातीका महिलाको शैक्षिक अवस्था अन्य जातीको भन्दा पछाडी परेको देखिन्छ । अध्ययन क्षेत्र प्यूठान नगरपालीका वडा नं. १६ को पाहारपाखा गाउमा रहेका ५० दलित घरधुरीलाई नमुना छनोटमा परेका घरधुरीमा रहेका ५० जना महिलाका परिवारमा रहेको शिक्षाको अवस्थालार्य निम्न तालिका वाट देखाउन सकिन्छ ।

### ५.१.१ दलित समुदायको शैक्षिक स्थिति

प्यूठान जिल्ला नेपाल सरकाले विश्वसामु गरेको प्रतिवद्धतामा सन् २०१५ भित्र निरक्षरता आधा हटाउने लक्ष्य अनुसार वि.स.२०७२ अषाढ २० गते साक्षर जिल्ला घोषणा गरिएको हो । साक्षर घोषणा गरिरहदासम्म प्यूठानको साक्षरता प्रतिशत ९७.७ प्रतिशत पुगेको देखिन्छ (जि.शि.का. प्रतिवेदन, २०७२) ।

**तालिका १**

**दलित समुदायको शैक्षिक अवस्था**

| क.सं. | नाता | ६ वर्ष भन्दा मुनी | निरक्षर | साक्षर | प्रा.वि. | नि.मा.वि. | मा.वि. | उ.मा.वि. | उच्च | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | आफु | - | ३ | २८ | १२ | ७ | - | - | - | ५० |
| २. | श्रीमान | - | २ | १९ | १३ | ६ | ३ | - | - | ४३ |
| ३. | छोरा | ४ | - | - | २४ | १८ | १४ | ३ | ४ | ६७ |
| ४. | छोरी | ३ | - | - | २२ | १४ | ११ | ३ | २ | ५४ |
| ५. | बुहारी | - | - | ७ | ५ | १२ | ५ | - | २ | ३१ |
| ६. | नाती | ७ | - | - | १५ | ५ | २ | १ | - | ३० |
| ६. | नातिनी | ९ | - | - | १८ | ३ | १ | - | - | ३१ |
| जम्मा | | २३ | ५ | ५४ | १०९ | ६५ | ३६ | ६ | ८ | ३०६ |
| प्रतिशत | | ७.५१ | १.६३ | १७.६४ | ३५.६२ | २१.२४ | ११.७६ | १.९६ | | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

नोट : स्कुल जाने उमेर ६ वर्ष देखि माथिलाई मात्र लिएको ।

तालिका नं ६.१ ले यस वडामा वस्ने दलित जातीका सदस्यमा रहेको शिक्षाको अवस्था देखाउछ । दलित जातीहरु आफू साक्षर र प्रा.वि.मात्र पढेका भएपनि उनीहरु आफ्ना छोरा छोरीलाई पढाउन चाहन्छन् । तर पनि प्राथमिक शिक्षा पूरा हुदा नहुदै पढाइ छोड्ने र घरको काम सघाउन बाध्य रहेको देखिन्छ ।

**तालिका २**

**प्यूठान नगरपालिका १६ मा रहेको बाल विद्या मा.वि.मा रहेको विद्यार्थी भर्ना हुने विद्यार्थीको जातिगत विवरण**

| **२०७० को विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी विवरण** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्राथमिक कक्षा १ देखि कक्षा ५ सम्म** | | | | | | | | | |
| | भर्ना | | | परीक्षामा सम्मेलित | | | उत्तिर्ण | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| दलित | ४२ | ४७ | ८९ | ३० | ३२ | ६२ | २५ | २९ | ५४ |
| अन्य | ३५ | ३९ | ७४ | ३२ | २८ | ६० | ३० | २६ | ५६ |
| जम्मा | ७७ | ८६ | १६३ | ६२ | ६० | १२२ | ५५ | ५५ | ११० |

**२०७१ को विद्यार्थी भर्ना परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी विवरण**

**प्राथमिक कक्षा १-५ सम्म**

| | **भर्ना** | | | **परीक्षामा सम्मेलित** | | | **अन्तिम पास** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| दलित | ४२ | ४१ | ८३ | ३५ | ३० | ६५ | ३० | २५ | ५५ |
| अन्य | ४० | ३२ | ७२ | ३७ | ३५ | ७२ | ३३ | ३० | ६३ |
| जम्मा | ८२ | ७२ | १५५ | ७२ | ६५ | १३७ | ६३ | ५५ | ११८ |

स्रोत : बाल विद्या मा.वि. Flash I २०७०/२०७१

दलित जातिको बाक्लो बस्ती, दलित सामुदायमा पनि बच्चा विद्यालय भर्ना गर्नु पर्दछ भन्ने चेतना वृद्धि हुँदा विद्यालयमा भर्ना धेरै देखिन्छ । तर परीक्षामा सम्मिलित हुने र उतीर्ण हुने दर भने अन्य जातिको भन्दा थोरै रहेको छ । विद्यार्थीहरु विद्यायमा नियमित नहुनु, अभिभावकले आफ्ना छोराछोरीलाई कामको कारण ध्यान दिन नसक्नु

जस्ता कारण । विद्यार्थीहरु कक्षा दोहोऱ्याउने, पढाई छोड्ने हुन्छन् ।

**प्यूठान नगरपालिका १६ मा रहेको बाल विद्या मा.वि.मा रहेको विद्यार्थी भर्ना र हुने विद्यार्थीको जातिगत विवरण**

**२०७० को विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी विवरण**

| **निम्न माध्यमिक तह कक्षा ६, ७, ८** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **भर्ना** | | | | **परीक्षामा सम्मेलित** | | | **उत्तिर्ण** | | |
| दलित | ६६ | ५१ | ११७ | ५० | ४० | ९० | ३५ | २९ | ६४ |
| अन्य | १४४ | १०३ | २४७ | १२३ | ९० | २०३ | ८५ | ७० | १५५ |
| जम्मा | २१० | १५४ | ३६४ | १७३ | १३० | ३०३ | १३० | ९९ | २१९ |

| **२०७१ को विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी विवरण** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| निम्न माध्यामिक कक्षा ६, ७, ८ | | | | | | | | | |
| भर्ना | | | | परीक्षामा सम्मेलित | | | अन्तिम पास | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| दलित | ६३ | ४३ | १०६ | ५३ | ३६ | ७९ | ३९ | २८ | ६७ |
| अन्य | १२९ | १११ | २४० | ११९ | ९८ | २१७ | १०८ | ८५ | १९३ |
| जम्मा | १९२ | १५४ | २४६ | १७२ | १३४ | २९६ | १४७ | ११३ | २६० |

स्रोत : बाल विद्या नि.मा.वि. Flash I २०७०, २०७१

नि.मा.वि. तह कक्षा ६, ७ र ८ मा बाल विद्या मा.वि. को विद्यार्थी प्रा.वि. बाट विद्यार्थी उत्तिर्ण दर कम देखिए पनि अन्य प्रा.वि. बाट विद्यार्थी भर्ना हुने हुँदा भर्ना प्रत्येक वर्ष जिल्ला शिक्षा कार्यालय विद्यार्थी भनार्न तथा स्वागत धेरै देखिन्छ । तर नि.मा.वि. परीक्षा उत्तीर्ण भने दलित छात्र छात्रा अत्यन्त कम छन् । यसको कारण घरको काम गर्नुपर्ने, पढाईमा निरन्तरता दिन नसक्नु, आर्थिक अवस्था कमजोर हुँदा कपि कलम जुटाउन नसक्नु जसले देखिन्छ ।

**प्यूठान नगरपालिका १६ मा रहेको बाल विद्या मा.वि.मा रहेको विद्यार्थी भर्ना र हुने विद्यार्थीको जातिगत विवरण**

| २०७० को विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक कक्षा ९ र १० | | | | | | | | | |
| | भर्ना | | | परीक्षामा सम्मेलित | | | अन्तिम परीक्षा पास | | |
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| दलित | १५ | १८ | ३३ | १२ | १५ | २७ | १० | १२ | २२ |
| अन्य | ६६ | ४७ | ११३ | ६१ | ४१ | १०२ | ५८ | ४० | ९८ |
| जम्मा | ८१ | ६५ | १४६ | ७३ | ५६ | १२९ | ६८ | ५२ | १२० |

**२०७१ मा प्यूठान नगरपालिका १६ मा रहेको बाल विद्या मा.वि.मा रहेको विद्यार्थी भर्ना र हुने विद्यार्थीको जातिगत विवरण**

| २०७१ को विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| माध्यामिक ९, १० | | | | | | | | | |
| भर्ना | | | | परीक्षामा सम्मेलित | | | उत्तिर्ण | | |
| दलित | १८ | १० | ३८ | १२ | ५ | १७ | ८ | ३ | ११ |
| अन्य | ४५ | ६० | १०५ | ३७ | ५२ | ८९ | ३५ | ४८ | ८३ |
| जम्मा | ६३ | ७० | १३३ | ४९ | ५७ | १०६ | ४३ | ५१ | ९४ |

स्रोत : बाल विद्या मा.वि. Flash I २०७०, २०७१

यसरी बालविद्या मा.वि.को दलित छात्राहरुको भर्ना परीक्षामा सम्मेलित र पास संख्या हेर्दा विद्यार्थी विद्यालय जाने संख्या वृद्धि भएको र विद्यालयमा विद्यार्थीले राम्रोगर्न नसकेको र धेरैले विचैमा कक्षा छोड्ने गरेको पाइयो ।


## तालिका ५

## वाल विद्या माध्यमिक विद्यालयम दलित छात्रा विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित र उत्तिर्ण प्रतिशत अवस्था

### वि.सं. २०७० मा अन्तिम परीक्षामा सम्मिलित र उत्तिर्ण हुने दलित विद्यार्थी प्रतिशत

| | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक |
|---|---|---|---|
| अन्तिम परीक्षामा सम्मिलित हुने प्रतिशत | ७१.४२ % | ७५% | ६६.७७% |
| उत्तिर्ण हुने प्रतिशत | ५२.५२% | ५३% | ४४.४४% |

स्रोत : बाल विद्या मा.वि.मरन्ठाना २०७० तथ्याङ्क विवरण फारम




## तालिका ६

## वाल विद्या मा.वि. २०७१ सालको दलित छात्रहरुको भर्ना परीक्षामा सम्मेलित र उर्तीण अवस्था प्रतिशत

| | **प्राथमिक** | **निम्न माध्यमिक** | **माध्यमिक** |
|---|---|---|---|
| अन्तिम परीक्षा सम्मेलिन हुने प्रतिशत | **८३.३** | **७५.७५** | **८०** |
| उत्तिर्ण हुने प्रतिशत | **७१.४२** | **५३** | **६६.७०** |

स्रोत : बाल विद्या मा.वि.मरन्ठाना २०७१ तथ्याङ्क विवरण फारम




माथिको तालिकाको अधारमा वाल विद्या मा.वि. मा विद्यार्थी भर्ना वा दलित छात्राको भर्ना धेरै हुने गरेको पाइयो । विद्यार्थीहरु विद्यालयमा भर्ना भए पनि दलित छात्राले त्यति राम्रो गर्न नसकेको पाइयो । प्राथमिक विद्यालय तिर हेर्दा भर्ना भएका ०७० मा ७१ प्रतिशत मात्र पास भएको विद्यार्थी देखिन्छ । यसरी विद्यालयमा भर्ना भएपनि दलित छात्राले विचैमा विद्यालय छोड्ने र उत्तीर्ण हुन नसक्ने प्रतिशत धेरै देखिन्छ ।

त्यसै गरी नि.मा.वि. र मा.वि.मा पनि दलित छात्राको अवस्था त्यस्तै छ । नि.मा.वि. मा भर्ना भएका दलित छात्रहरुको ७५ प्रतिशत ले परीक्षा दिएका छन् भने ५३ प्रतिशत मात्र विद्यार्थी सफल भएका छन् । त्यसै गरी माध्यमिक विद्यालय कक्षा ९ र १० मा पनि भर्ना भएका ६६.६६ प्रतिशत मात्र परीक्षामा सम्मिलित भएको थियो भने ४४ प्रतिशत मात्र उत्तिर्ण भएको देखियो ।

यसरी बाल विद्या मा.वि.को दलित विद्यार्थीको अवस्था विश्लेषण गर्दा दलित छात्रहरु भर्ना र हुने र धेरै विद्यार्थी परीक्षामा असफल हुने विचैमा कक्ष छोड्ने जस्तो अवस्था देखिन्छ ।

सबै विद्यार्थी परीक्षामा सम्मिलित हुन र उत्तीर्ण हुन नसक्नुका कारण :

- नियमति विद्यालय नआउनु,
- आफू भन्दा साना भाइ बहिनीलाई हेर्नु पर्ने,
- अभिभावकमा चेतनाको कमी,
- केही विद्यार्थी काम गर्न पढाई बीचैमा छोडी भारततिर जाने,
- केही छात्राहरुले पढ्दापढ्दै विवाह गर्नु,

### ५.१.२ अध्ययन क्षेत्रको शिक्षा प्रतिको धारणा बारे (व्यक्तिगत अध्ययन)

दलित समुदायका महिलाहरु समाजमा धेरै पढेको देखिएन पढ्न नपाउनुका कारण र उनीहरुको पढाइ प्रतिको दृष्टिकोण वुझ्न यस अध्ययनमा समावेश गरिएको छ । जसमा १ जना कक्षा ५ सम्म पढेर सिलाई पसल गरेकी महिला १ जान नपढेर कृषि र मजदुरी गरेकी महिला र १ जना कक्षा १० मा पढ्दै गरेकी विद्यार्थीको व्यक्तिगत अध्ययन गरिएको छ । यहाँ ति महिलाहरुले भनेको कुरा राखिएको छ ।

## व्यक्तिगत अध्ययन

| |
|---|
| जीवा वि.क. पढ्नु भएको छैन । उहाँले अहिले सिलाई पसल खोलेर जीवन निर्वाह गर्नु भएको छ । उहाँले आफ्नै पेसाले वर्तमानमा गुजारा चलाउन पुगेको छ । आफूले पढ्न नपाउनुको कारण माइतमा आर्थिक अवस्था कमजोर हुनु , आमा वावुको मुख्य पेशा कृषि हुनु, आफू जेठी छोरी भएको हुँदा घरमा आफ्ना भाइ बहिनीलाई हेर्न पर्ने, आमालाई काममा सघाउनु पर्ने, वावुले फुर्सदको समयमा भारतमा गइ जागिर गर्ने बाबु आमाको चेतनाको कमी, वावुले कमाएको पैशाले खान लगाउन र पढ्न नपुग्ने कारण सानामा आफूले पढ्न नपाएकोमा उहाँ दुखि हुनु हुन्छ । केही समय पछि गा.वि.स. ले सिलाइ कटाइ तालिम सञ्चालन गरेको र त्यसमा तालिम लिन पाएको हुनाले यस सीप सिक्न सफल भएको बताउनु हुन्छ । |

स्रोत : स्थलगत अध्ययन २०७२ (नाम परिवर्तन गरिएको)

निज जीवा वि.क. पढाई प्रतिको धारणा र पढ्न नसक्नुका कारण

- आर्थिक अवस्था कमजोर,
- भाइ बहिनी हेर्नुपर्ने,
- आमालाई काममा सघाउनु पर्ने,
- बाबु कमाइ गर्न भारत जानुपर्ने आमाको पढाई प्रति चेतना कमी हुनु,
- गा.वि.स. ले चलाएको सीपमूलक तालिमका कारण आफू स्वरोजगार हुन सफल भएको ।

फूलमाया परियार पढ्नु भएको छैन । अहिले धेरै दुख कष्ट भोग्नु परेको छ । सानामा गरिब र चेतनाको अभावको कारण पढ्न नपाएको वताउनु हुन्छ । माइतमा साना भाइ वहिनी हेर्न पर्ने, वावु भारतमा नोकरी गर्न जाने हुँदा आमालाई कृषिमा सघाउनु पर्ने, समाजको चलन अनुसार सानै उमेरमा विवाह भाएको । विवाह पछि चाडै छोरा छोरी जन्मिएर तिनीहरुको व्यावहार सुसार गर्नु पर्ने, श्रीमान् पनि नपढेकोले कृषि र मजदुरी मात्र गर्दै घरको जग्गा कम भएको कारण खेति गरेर खान नपुग्ने र खेतीपाती गर्नुको अतिरिक्त मजदुरी गर्न आफू र आफ्नो श्रीमान्को रहेको छ । अव केही पेशा परिवर्तन गरेर भएपछि आफ्ना छोराछोरीलाई पढाउनु पर्ने भनेर विद्यालयमा छोराछोरी सबैलाई भर्ना गरिदिएको उहाँ बताउनु हुन्छ । आर्थिक अवस्था सुधार गर्न कुनै सीपमूलक काम सिक्ने र आयआर्जन गर्न सकिन्छ की भनि उहाँ बताउनु हुन्छ ।

स्रोत : स्थलगत अध्ययन २०७२ (नाम परिवर्तन गरिएको)

फूलमायाको धारणा उत्तिर्ण

- नपढेको कारण दुःख कष्ट भोग्नुपरेको,
- छिटो विवाह भएको,
- छोराछोरी चाँडै जन्माएको कारण आफूले कुनै रोजगारीको अवसर नपाएको,
- श्रीमान मजदुरी मात्र गर्ने,
- पेशा परिवर्तन गर्न र सीपमूलक तालिम लिन इच्छुक,
- छोरा छोरीलाई पढाउन विद्यालय भर्ना गरिदिएको ।

| |
|---|
| मुना नेपाली जुन कक्ष १० मा वाल विद्या मा.वि.मा अध्ययनरत हुनुहुन्छ । उहाँको घरको आर्थिक अवस्था कमजोर छ । उहाँको वावु भारतमा मजदुरी गर्न जानुभएको छ । उहाँका २ भाई र १ वहिनी पनि छन् । घरमा कृषि कार्य गर्दछन् । घरमा आमा, भाई, वहिनी र आफू बस्छिन । उनी विद्यालय नियमित गर्न नसकेको कुरा वताउछिन । कहिले काही आमा, बहिनी र आफू वस्छिन । उनी विद्यालय नियमित आउदैनन् । शिक्षकले दिएको गृहकार्य पनि नियमत गर्न नसकेको कुरा वताउछिन् । बाली लगाउने र भित्राउने समयमा खेतवारीमा काम गर्नु पर्ने संस्कार संस्कृति अनुसार विवाह, पुजा आजामा छिमेकमा जानु पर्ने, गरिववीका कारण विद्यालयमा आवश्यक पर्ने कापि, कलम, जुटाउन पनि गाह्रो हुने । घर परिवार चलाउन आमालाई सघाउनुपर्ने वावुले रक्सि खाने हुँदा भारतबाट कमाएको पैसा जम्मा गर्न नसकेको कृषि कार्यवाट खान पनि नपुग्ने, त्यसमा पनि आमा धेरै जसो विरामी हुने कारणले उनी विद्यालयमा जान नपाउको गुनासो गर्दछिन् । यति हुँदाहुदै पनि उनलाई पढ्ने मन छ । तर यस वर्षको SLC पूर्व अभ्यास परीक्षामा सहभागी भइनन् र उनले विचैम पढाइ छोड्न वाध्य भइन् ।" |

स्रोत : स्थलगत अध्ययन २०७२ नाम परिवर्तन गरिएको

मुना नेपालीको धारणा -

- आर्थिक अवस्था कमजोर हुनु ।
- आमा बावुमा पढाइ प्रति चेतना नहुनु ।
- घरमा काममा सहभागी हुन पर्नु ।
- घरमा साना भाइ बहिनी हेर्नुपर्ने ।
- रक्सी सेवनका कारण वावुले घरलाई हेर्न नसक्नु ।

- कृषि कार्य गर्ने परिवार हुँदा वर्षै भरी काम गर्न पर्नु तर वालि भित्राउने र लगाउने समयमा वढी जिम्मेवारी हुनु ।
- विभिन्न संस्कारका कार्यमा सहभागी हुन पर्नु ।
- सबै महिलाको अहिले पढाइ प्रति सकारात्मक विचार रहेको पाइयो ।

### ५.१.३ दलित महिलाको शिक्षाको अवस्था

दलित छात्रा छात्रको भर्ना, परीक्षामा उत्तिर्ण र परीक्षामा सम्मिलित विद्यार्थीको अवस्था अध्ययन, अध्ययन क्षेत्रका महिलको पारिवारिक शिक्षाको अवस्था अध्ययन र अध्ययन क्षेत्रका ३ जना महिलाको व्यक्तिगत अध्ययन वाट प्यूठान नगरपालिका वडा नं. १६ का दलित महिलाको शिक्षाको स्थिति र अवस्था निम्न रहेको पाइयो ।

(१) विद्यालयमा दलित विद्यार्थी भर्ना उल्लेखनीय मात्रामा भएको ।

(२) दलित छात्राहरु विद्यालयमा कम दिन उपस्थीत हुने ।

(३) धेरै दलित छात्राले विचैम कक्षा छोड्ने र अन्तिम परीक्षामा सम्मिलित नभएको पाइयो ।

(४) परीक्षामा सम्मिलित भएका पनि धेरै सफल हुन नसकेको पाइयो ।

(५) दलित छात्राको घरमा पढ्ने वातावरण  नभएको पाइयो ।

(६) दलित महिलाहरुको पानि चेतनाको विकास भएको पाइयो उनीहरु अव आफ्ना सन्तानलाई पढाउने इच्छा व्यक्त गरे ।

(७) दलित महिलाहरुले छोरीलाई पढाउनु पर्छ भन्ने भावनाको विकास भएको ।

# परिच्छेद छ

## अध्ययन क्षेत्रका दलित महिलाको सामाजिक अवस्था

हाम्रो देश नेपालको समाज विभिन्न जात जाती र विभिन्न संस्कृती मिलेर बनेको छ । यस्तो विविध संस्कृतिका विचमा दलित जाति र दलितहरुको छुट्टै संस्कृती रहेको छ । समाजमा अनेक प्रकारका विकृति र विसँगतिहरु रहेका छन् । यस्ता विकृति र विसँगतिहरुले दलित महिलालाई पनि असर पारेको हुन सक्छ । यस प्यूठान नगरपालिका वडा नं. १६ मा रहेका महिलाहरुमा पनि समाजिक विभेद र असमानता जस्ता पक्षबाट प्रभावित हुन सक्छन् । समाजमा अवसर पाउने वर्गले अवसर नपाउने वर्गलाई अनेक प्रकारका थिचोमचो अन्याय, अत्याचार गरेका छन् । यस्ता अन्याय, अत्याचार थिचोमिचोबाट यस क्षेत्रका महिलाहरु प्रभावित हुन सक्छन् । समाजमा आर्थिक र शैक्षिक हिसावले पछि परेका महिला सामाजिक हिसाबले पनि कमजोर हुन सक्छन् । यस्ता विभिन्न विषयवस्तुलाई यस परिच्छेदमा विवेचना गरिएको छ ।

### ६.१ स्थलगत अध्ययन क्षेत्रका दलित महिलाहरुको उमेरगत विवरण

| उमेर | संख्या |
|---|---|
| १५ देखि २० वर्ष | २ जना |
| २० देखि ३० वर्ष | १५ जना |
| ३० वर्ष देखि ४० वर्ष | १७ जना |
| ४० वर्ष देखि ५० वर्ष | १० जना |
| ५० वर्ष देखि माथी | ५जना |
| जम्मा | ५० जना |

स्रोत : स्थलगत अध्ययन २०७२

अध्ययन क्षेत्रमा रहेका महिलाहरु ४३ जना २० देखि ५० वर्षका रहेका छन् । २० वर्ष भन्दा कम २ जना र ५० वर्ष भन्दा माथिका ५ जना रहेका छन् । यसरी १५-५० वर्ष भन्दा माथिका महिलाहरुबाट यो तथ्याङ्क संकलन गरिएको हो ।

### ६.२ अध्ययन क्षेत्रका महिलाको वैवाहिक स्थिति

विवाह एउटा सार्वभौम सामाजिक संस्था हो । विवाह अघि पछि महिला पुरुष दुवैको भुमिका फरक-फरक हुन्छ । महिला विवाह पछि छोरी मात्र नरही वुहारी, पत्नी, आमा र सासुको रुप धारण गर्दछिन् । विवाह पछि आमाको कर्तव्य र हैसियत नै फरक हुन्छ र फरक भूमिका निर्वाह गर्नु पर्दछ ।

### ६.३ अध्ययनमा संलग्न महिलाको विवाहको अवस्था

| क सं. | विवाहको स्थिती | संख्या |
|---|---|---|
| १. | विवाहित | ४३ जना |
| २. | विधवा | ४ जना |
| ३. | श्रीमान् सँग छुट्टै वसेका | २ जना |
| ४. | विवाह नभएका | १ जना |
| जम्मा | | ५० जना |

स्रोत : स्थलगत अध्ययन २०७२

अध्ययन क्षेत्रमा अध्ययन गरेका महिलाहरु मध्ये १५ वर्ष माथिका महिला थिए । ति मध्य ५ जना वाहेक सबैले विवाह गरेका थिए । ति मध्य ४ जना विधवा पाइयो । ति मध्य ३ जनाको काल गतिले मरेको पाइयो भने १ जान अत्याधिक रक्सिको कारण घर फर्कदा मूत्यू भएको पाइयो । त्यसैगरी २ जना महिला श्रीमान् भारतमा नोकरी गर्न गएको तर घरमा नआउने घरको चासो नगर्ने गरेको पाइयो । उनले यहाँ कपडा सिलाउने कार्य गरेर आफ्ना छोरा छोरी पालेर वसेको पाइयो । त्यसैगरी १ जनाले विवाह नै नगरी खुद्रा पसल गरी बसेकी छिन् । उनले प्राथमिक कक्षा पास गरी पठाई छोडेर पसल गरी बसेकी हुन् ।

## ६.४ अध्ययन क्षेत्रका दलित महिलाको सामाजिक र सांस्कृतिक संस्थाहरुमा संलग्नताको स्थिति

| क्र.सं. | संलग्न क्षेत्रहरु | तह | | |
|---|---|---|---|---|
| | | वढी | मध्यम | कम |
| १. | जन्म, मृत्यू जस्ता संस्कारमा कर्ताको भूमिका | - | - | + |
| २. | पुजा, आजा, धार्मिक कार्यमा कर्ताको भूमिका | - | - | + |
| ३. | जात्रा मेला पर्व | - | + | - |
| ४. | घरायसी कार्य | | + | - |
| ५. | परिवारमा निर्णय लिने कार्य | - | + | - |
| ६. | विवाह, मा निर्णय लिने अधिकार भएको | - | + | – |
| ७. | वाजा गाजा वजाउने कार्य | - | + | + |
| ८. | सामुदायिक संस्थामा संलग्नता | - | + | – |

स्थलगत सर्वेक्षण -२०७२

अध्ययन क्षेत्रका महिलाहरुलाई सामाजिक क्षेत्रमा संलग्नताको अवस्था पत्ता लगाउने उद्देश्यले सामाजिक क्षेत्रको संलग्नता हुने क्षेत्र सम्बन्धमा प्रश्नहरु निर्माण गरी खोजी गरेकी थिएँ । जस अनुसार जन्म मृत्यु जस्ता संस्कारमा कुनै पनि महिलाको कर्ताको भूमिका नरहेको पाइयो । यस्ता कार्यमा महिलाको सहयोगीको मात्र भूमिका भएको पाइयो । जात्रा मेला पर्वमा कस्ले कस्तो भूमिका रहन्छ भनि सोधेको प्रश्न उत्तरमा त्यस क्षेत्रका दलित महिलाले कुनै पर्व तिज, ऋषि पञ्चमि, भइटिका जस्ता पर्वमा महिलाको उच्च भुमिका रहेपनि दशै तिहार जस्ता पर्वमा पुरुषको मूख्य भूमिका रहेको छ । परीवारमा निर्णय लिने अधिकार केही महिला जुन छुट्टै वसेका महिला छन् उनीहरुको मात्र रहेको पाइयो । वाजागाजा वजाउने कार्यमा महिलाको संलग्नता

नभएको पाइयो । त्यसैगरी सामुदायिक संस्थाहरु केही महिला सहकारीमा संलग्नता रहेको पाइयो ।

यसरी प्यूठान नगरपालीका वडा नं. १६ का दलित महिलाको समाजमा कर्ताको भूमिका नरहेको देखिन्छ ।

### ६.५ अध्ययन क्षेत्रका दलित महिलाहरुको पेशा

| क्र.सं. | दलित महिला संलग्न पेशा | संख्या |
|---|---|---|
| १. | कृषि पशुपालन | ३९ |
| २. | सिलाइ, कटाइ | ५ |
| ३. | खुद्रा पसल | २ |
| ४. | बाल विकास केन्द्रमा पढाउने | ३ |
| ५. | निजि विद्यालयमा परिचर | १ |
| जम्मा | | ५० |

स्थलगत सर्वेक्षण २०७२

प्यूठान नगरपालिका वडा नं. १६का दलित महिलाहरुको पेशागत रुपमा हेर्दा धेरैजसो घरमा कृषि पशुपालन गर्ने भरायसी कार्य गरेको पाइयो । उनीहरु घरमा भान्साको कार्य, पशुको स्यारसुसार गरेर नै समय विताउने गरेको पाइयो । ५ जान महिलाले सिलाई कटाइ सीप सिकेर सिलाई पसल गर्दै आएका छन् । त्यसै गरी २ जना महिलाले स्थानिय महिला समुहबाट स्वरोजगार कोषको ऋण लिइ खुद्रा पसल गरेको पाइयो । एक जना महिला यहाँ नजिकैको सृजनशील इङ्लिस वोर्डिङमा परिचरको कार्य गरेकी छन् । केही महिला पढ्दै गरेका छन् । ३ जनाले बाल विकास केन्द्रको सहयोगी कार्यकर्ताको रुपमा शिक्षण गर्दै आएका छन् ।

यसरी हेर्दा दलित महिलाहरु धेरैले घरको सामान्य कार्य गरेको र आयआर्जनका कार्यमा भाग नलिएको देखिन्छ । यहाँका दलित महिला गाउँमा सरकारी विद्यालय भए पनि त्यस विद्यालयमका शिक्षक हुन सकेका छैनन् । अन्य सरकारी सेवामा संलग्न हुने

अवस्था त झन देखिदैन गाउँमा आएको नयाँ चेतनाले केही स्वरोजगार वन्ने सीप सिक्ने जस्ता कार्य गर्दै आएका छन् ।

## ६.६ दलित महिलालाई समाजमा गरिने छुवाछुतको अवस्था

| क्र.सं. | छुवाछुत हुने क्षेत्र | सङ्ख्या |
|---|---|---|
| १. | ठुला जातिका घर भित्र पस्ने र छुवाछुत गर्ने | ५० जना |
| २. | मन्दिरमा पुजा गर्दा | ५० जना |
| ३. | धारा कुवा पानी भर्दा | ४० जना |
| ४. | विद्यालयमा विद्यार्थीमा | छुवाछुत नहुने |
| ५. | होटेलमा | १० जना |
| ६. | समुह, सामुहिक कार्यमा | छुवाछुत नहुने |
| ७. | भोज भतेरमा | ३० जना |

स्थलगत रुपमा ५० जनामा गरेको सर्वेक्षण २०७२

समाजमा भएको छुवाछुतको अवस्था पत्ता लगाउने उद्देश्यले ५० जनामा ७ वटा प्रश्न वनाइ उत्तर संकलन गरेको अवस्थामा ठुला जातीका घरमा छुवाछुत हुन्छ वा हुदैन भनि सोधेको प्रश्नमा उत्तरमा ५० जनाले छुवाछुत अझै गाउँमा हटेको छैन । मन्दिरमा ठुला जातिले लिएको पूजा सामग्रीमा पनि सबैले छुवाछुत हुने बताए । त्यसै गरी धारामा पानी भर्दा छुवाछुत हुन्छ हुँदैन भनि सोधेको प्रश्नको उत्तरमा ४० जनाले छुवाछुत हुने गरेको वतए । विद्यालयका विद्यार्थी विद्यार्थीमा छुवाछुत हुन्छ भनि सोधेको प्रश्नको उत्तरमा १० जनाले हुने वताए र महिला समुह, विभिन्न सामुहिक कार्य आदिमा छुवाछुत नहुने पाइयो ।

यसरी अध्ययन क्षेत्रका महिलाहरुमा ठुला जातका घर मन्दिरमा लागेका पुजा सामग्रीमा छुवाछुत हुने गरेको पाइयो । त्यसैगरी होटेलमा केही मात्रामा मात्र छुवाछुत वाँकी रहेको पाइयो । विद्यालयका विद्यार्थीविच, विभिन्न समुहहरु कृषि समुह महिला समुह आदिमा छुवाछुत नरहेको पाइयो ।

## ६.७ दलित महिला अगाडी वढ्न नसक्नुका कारण

समाजमा भएका विभिन्न संघ सस्थामा भएको सहभागिताको अवस्था, दलित महिलाको पेशा दलित महिलाको शिक्षण संस्थामा रहेको सहभागिता, छुवाछुतको अवस्था आदिका आधारमा दलित महिलाहरु पिछडिएको पाइयो । यसरी पिछडिनुका मुख्य कारण निम्न देखिन्छन् । स्रोतः स्थलगत सर्वेक्षण ।

### जातीय विभेद र छुवाछुत

कानुनमा छुवाछुत गर्न नपाइने भएपनि समाजमा छुवाछुत प्रथा केहि मात्रामा कायमै रहेको पाइयो । सामाजिक अभ्यास र सामाजिक क्रियाकलापले गर्दा समाजमा जातीय विभेद र छुवाछुत कायम छ । जसले गर्दा दलित महिलाहरु आफ्नो अवस्था सुधार गरी अघि बढ्न सकेका छैनन् । स्रोतः स्थलगत सर्वेक्षण ।

### धर्म र अन्धविश्वास

समाजमा शिक्षा र चेतनाको अभावको कारण नेपाली समाज धर्म र अन्धविश्वासबाट प्रेरित छ । जातिय विभेद र छुवाछुत धर्मको आधारमा विश्लेषण गर्नुको कारण दलित महिलाहरु आफू पछि पर्नुको कारण भगवानको लिला, पूर्व जन्मको पाप, भाग्यको खेल मानेर महिलाहरुले चित्त बुझाएका छन् । यसरी धर्म परम्पराले पनि दलित महिलाहरुलाई पछाडी पारेको देखिन्छ । स्रोतः स्थलगत सर्वेक्षण ।

### परम्परावादी समाज

समाज परम्परावादी भएको हुनाले दलित महिलालाई अहिले पनि तल्लो जातिको रुपमा मान्दछन् । यिनिहरुसँग तल्लो जातीको व्यवहार गर्दछन् । दलित महिलाहरुलाई उच्च ओहोदामा पुगेपछि मान मर्यादा गर्नु पर्दछ भनेर उच्च जातिले दलितलाई सकेसम्म दबाएर राख्ने गर्छन् । स्रोतः स्थलगत सर्वेक्षण ।

### श्रम विभाजन

समाज ब्राहमण, क्षेत्री, वैश्य, सुद्ध गरी ४ वर्णमा विभाजन भएको छ । ४ जात मध्य सुद्धलाई अन्य तीन जातको सेवा गर्ने जातको रुपमा लिइएको छ । त्यो वर्णवादी व्यवस्थाले पनि नेपाली महिलालाई पछाडी पारेको छ । स्रोतः स्थलगत सर्वेक्षण ।

### सामाजिक भेदभावयुक्त व्यवहारवाट ग्रसित

ब्राम्हणवाद, सामन्तवाद जस्ता प्रवृत्तिका कारणले  समाजमा कतिपय अवश्थामा उनीहरुले छोएको पानी नखानु, कतै हिड्ने वेलामा दलित महिला भेटेपछि असुद्ध हुन्छ भन्ने धारणा रहेको छ । यस्ता भेदभाव युक्त व्यवहारबाट ग्रसित छन् । स्रोतः स्थलगत सर्वेक्षण । स्रोतः स्थलगत सर्वेक्षण ।

### आवश्यक सीपको कमी

यहाँका महिलाहरुमा खेतीपाती वाहेक अन्य सीपको कमी रहेको देखिन्छ । केही महिला सिलाइकटाई सीप सिकेर स्वरोजगार भए पनि धेरै महिलाहरुमा खेतिपाती गर्ने समान्य सीप देखि वाहेक अन्य केही सीप नभएको कारण पनि पछाडी परेका छन् । स्रोतः स्थलगत सर्वेक्षण । स्रोतः स्थलगत सर्वेक्षण ।

### शैक्षिक जागरणको अभाव

यहाँका दलित महिलाहरुमा शिक्षाको जागरणको अभाव रहेको देखिन्छ । विद्यालयमा भर्ना भएपनि त्यति राम्रो गर्न सकेको देखिदैन अधिकांश छात्राहरुले विचैमा कक्षा छोड्ने र नियमित विद्यालय नजाने र कक्षामा असफल हुने गरेको पाइयो । स्रोतः स्थलगत सर्वेक्षण । स्रोतः स्थलगत सर्वेक्षण ।

### महिला सहभागीतामा कमि

रोजगार कुनै क्षेत्रमा महिला सहभागिता कम देखिन्छ । आर्थिक परनिर्भरता वृद्धि भइरहेको छ । आर्थिक क्षेत्रमा महिला सहभागिता न्यून देखिन्छ । स्रोतः स्थलगत सर्वेक्षण ।

### ६.८  सामाजिक अवस्थाले दलित महिलालाई पारेको प्रभावहरु

सामाजिक क्षेत्रमा रहेको असमानता र भेदभावका कारण दलित महिलाको शिक्षाको क्षेत्रमा पहँच पुगेको छैन ।

छोरीलाई विद्यालय भर्ना गरे पनि राम्ररी पढ्ने अवस्था नहुँदा सानै उमेरमा विवाह गर्ने पढ्न छोड्ने हुनाले उनीहरु कुनै रोजगारी प्राप्त गर्न सकेको देखिदैन । अध्ययन क्षेत्रका महिलाहरु एक जनाले पनि सरकारी जागिर खान सकेका छैनन् ।

त्यसैगरी नियमित विद्यालय नजाने विचैमा पढाइ छोड्ने, पढाइमा सफल नहुने अवस्थाले दलित महिलाहरु विद्यालयमा भर्ना भए पनि सफलतापूर्वक पढाई पूरा गर्न सकेको देखिदैन ।

दलित महिलाहरुको न्यून आय आर्जन, शिक्षाको पहुँचमा कमी, सामाजिक रुपमा पनि अपहेलित भएको कारणले उनीहरुको शैक्षिक, आर्थिक सवै क्षेत्रमा प्रभाव पारेको छ ।

यस परिच्छेदमा दलित महिलाको अध्ययन स्थलको विवाहको अवस्था, दलित महिलाको विभिन्न सामाजिक संस्थामा संलग्नताको अवस्था समाजमा रहेको छुवाछुतको अवस्था र सामाजिक र शैक्षिक रुपमा पिछडिनुका कारण जस्ता कुराहरुका साथै वर्णन गरिएको छ । यस अध्ययनबाट दलित महिलाहरुका विविध पक्षको जानकारी प्राप्त भयो । स्रोतः स्थलगत सर्वेक्षण ।

# परिच्छेद ७

## दलित महिलाको शिक्षा र सामाजिक अवस्थामा देखिएका परिवर्तन

### ७.१ छुवाछुत सम्बन्धि धारणामा देखिएको परिवर्तन

गाउँमा भएका ५० वर्ष भन्दा माथिका महिलाहरुलाई तपाईले ३० वर्ष पहिले र वर्तमान अवश्यामा के परिवर्तन पाउनु भयो ? भनी सोधिएको प्रश्नको उत्तरमा भेट्ने बित्तिकै जदौं भनेर बाटो मुनी लाग्नु पर्ने, बाटो छोड्न् पर्ने चलन रहेको, विभिन्न स्थलमा छुवाछुतको दुर्व्यवहार भोग्नु परेको धारा, पधेरा, मन्दिर, घर, भोज भतेर, सभा समारोह, होटेल जस्ता स्थानमा बढी छुवाछुतको अवस्था भोग्नु परेको बताउँछन् । आजभोलि यो अवस्थामा कमि आएको आजका युवा युवतीहरु यसले कुसंस्कारलाई स्वीकार्न छाडेको पनि ति व्यक्तिहरु बताउँछन् ।

वर्तमान समयमा यहाँका अन्य जातका युवा वर्गले पनि छुवाछुतको भावना कम गरेको पाइन्छ । उनीहरुले यस्तो कुरिती स्वीकारेका छैनन् । यसबाट पनि जातीय भेदभाव कम भएको भन्न सकिन्छ ।

समाजमा चेतनाको लहर विकास गर्दै गएपछि समाजमा दलितहरुले आफूलाई पनि परिवर्तन गरेका छन् । आफ्नो घर वरपरको वातावरण सफा गर्ने जस्ता कार्य गरेको देखिन्छ । यसबाट सामाजिक एकता र सद्भाव वढ्दै गएको छ ।

छुवाछुत सम्बन्धि धारणामा कस्तो परिवर्तन आएको छ ? भन्ने प्रश्नको उत्तरमा सवै उत्तरदाताले परिवर्तन आएको कुरा व्यक्त गरे । आफ्नो समाजमा छुवाछुत सम्बन्धि धारणा रहेपनि केही कमि आएको वताए । धारा, कुवा, पानी पधेरामा केही व्यक्तिले छुवाछुत गरे पनि उहीहरुनै टाढा जाने आफूहरु जान नपर्ने वताए । छोइछिटो हाल्ने प्रथा नभएको र आजभोली दलितसँग उपल्लाजातका मानिसहरु छोइएको वास्ता नगर्ने वताए । स्कुलमा छुवाछुत अुन्छ कि हुँदैन ? भन्ने प्रश्नको उत्तरमा विद्यालयमा दलितहरु छुट्टै वस्नु नपर्ने, खाजा खादा पानी खाँदा, वस्ता सँगै वस्न सकिने विद्यालया कुनै छुवाछुत नभएको बताए । त्यसैगरी विद्यालयमा जान केटाकेटी कुनैपनि संकोच नमान्ने वताए ।

यसरी समाजमा भएको छुवाछुतको अवस्था कम हुदै भएको छ । विद्यालय सार्वजनिक स्थलमा कम हुँदै भएको छ । विद्यालय सार्वजनिक स्थलमा छुवाछुत नहुने पाइयो ।

केही क्षेत्रमा अझै छुवाछुत रहेको चेतनाको स्तर वढ्दै गएमा र नयाँ धारणा विकास हुदै जाँदा छुवाछुतको अवस्था हराएर जाने अवस्था पाइयो ।

## ७.२ दलित महिलाको शैक्षिक अवस्थाको परिवर्तन

दलित समुदायमा अहिले गरिएको स्थलगत सर्वेक्षण अनुसार छोरीलाई पढाउन पर्दछ भन्ने धारणा पाइन्छ । पहिलेका पुस्ताले धेरैले नपढेको पाइयो तर आफ्ना छोराछोरीलाई पढाउनु पर्दछ भन्ने चेतना विकास भएको देखिन्छ । छोरीलाई पढाउन आवश्यक छ कि छैन ? भनेर सोधिएको प्रश्नको उत्तरमा ९० प्रतिशत महिलाहरुले छोरीलाई पढाउन आवश्यक भएको कुरा व्यक्त गरे । त्यसैगरी बाल विद्या मा.वि. को विद्यार्थी भर्ना भएका संस्थाको अध्ययन वाट पनि दलित समुदायमा शिक्षाको चेतना अभिवृद्धि भएको पाइन्छ । दलित महिलाहरु साक्षरता अभियान कार्यक्रमले यस वर्ष धेरै साक्षर भएका छन् । त्यसैगरी जिल्ला शिक्षा कार्यालयले सञ्चालन गरेको साक्षरता कक्षा, साक्षारोत्तर कक्षा र सीपमूलक तालिममा समावेश भएकोले गर्दा दलित महिला पुरुष सवैमा शिक्षा सम्बन्धि चेतनाको विकास भएको देखिन्छ । त्यसै गरी सञ्चारका माध्यमले पनि शैक्षिक चेतना विकास गराएको देखिन्छ ।

**शैक्षिक अवस्थामा परिवर्तन आउनुका कारण ५० जना महिलामा अध्ययन गर्दा पाइएका उत्तरहरु**

| क.सं. | उत्तरहरु | उत्तरदाताको संख्या |
|---|---|---|
| १ | चेतना फैलनु | ४५ |
| २ | लैङ्गिक भेदभावमा कमी | ३७ |
| ३ | पढ्नु पर्छ भन्ने धारणामा वृद्धि | ४२ |
| ४ | छात्रवृत्ति पाउनु | ४४ |
| ५ | जातीय छुवाछुतमा भेदभावमा कमी | ३५ |
| ६ | स्कुल नजिक हुनु | ४१ |
| ७ | थोरै सन्तान जन्माउनु | ३० |
| ८ | रेडियो टि.भि वाट प्रचार गर्नु | २० |
| ९ | आर्थिक अवस्थामा सुधार | ३० |
| १० | पेशामा परिवर्तन हुनु | ३५ |

स्थलगत अध्ययन २०७२

अध्ययन स्थलमा दलित समुदायका महिलामा पहिले र वर्तमान समयमा विभिन्न परिवर्तनहरु देखिन्छ यसको कारण के होला भनि ५० जना महिलालाई एउटै प्रश्न सोधिएको थियो । ति महिलाबाट विभिन्न उत्तरहरु प्राप्त भयो । जसमध्ये सवैभन्दा धेरै ४५ जनाले चेतना फैलिनुका कारण शिक्षामा परिवर्तन आयो भन्ने उत्तर दिए । विद्यार्थी भर्ना कार्यक्रम, रेडियो टि.भि बाट हुने प्रचार जस्ता कुराहरुले दलितहरुमा पनि पढ्नु पर्छ भन्ने चेतना फैलिएको पाइयो ।

उत्तरदाता ५० महिला मध्ये ३० जनाले लैङ्गिक भेदभावमा कमि भन्ने उत्तर दिए । लैङ्गिक रुपमा छोरा छोरी दुवैलाई विद्यालय पठाउनु पर्छ भन्ने धारणा दलित समुदायमा पनि रहेको पाइयो ।

विद्यालयमा हुने छुवाछुतको भावनाको अन्त्य भएको कारणले पनि पढाईमा सुधार आएको पाइयो । अध्ययन क्षेत्रमा रहेका महिलाहरुको पनि परम्परागत पेशाको अतिरिक्त खुद्रा पसल, सिलाइकटाई पसल, बाल विकास केन्द्रमा पढाउने, विद्यालयको परिचय हुने जस्ता पेशा गर्दै आएका छन् । यो पेशामा भएको परिवर्तनले पनि शिक्षामा सुधार भएको देखिन्छ ।

अध्ययन क्षेत्रको महिलाको पारिवारिक स्थिति हेर्दा परिवारमा २ वा ३ जना मात्र छोरा छोरीको संख्या कम भएको कारणले शिक्षामा परिवर्तन आएको देखिन्छ । विद्यालयमा पाइने छात्रवृत्ति तथा पुरस्कार जस्ता तत्वले पनि पढाईमा विद्यार्थीको आकर्षण भएको पाइयो ।

# परिच्छेद ८
# सारशं र निष्कर्ष

यस सोधको मूख्य उद्देश्य प्यूठान जिल्लाको प्यूठान नगरपालिका वडा नं १६ मा वस्ने दलित महिलाको शैक्षिक अवस्थाको यथार्थ अध्ययन गर्नु रहेको थियो । नेपालमा छरिएर रहेको विभिन्न जात जातीहरुको आ-आफ्नै सामाजिक अवस्था रहेको छ । त्यसै गरी यस क्षेत्रमा रहेका दलित जातीहरुको पनि आफ्नै प्रकारको पहिचान रहेको छ । यस अध्ययनको शीलशीलामा वि.स. २०७२ वैशाख/जेष्ठ महिनामा स्थलगत सर्वेक्षण गरी व्यक्तिगत अध्ययन, अवलोकन, प्रश्नसूची, केही व्यक्तिहरुसँग अन्तवार्ता गरेर प्राथमिक तथ्याङ्क संकलन गरियो । ति तथ्याङ्कहरुलाई अध्ययन गरेर त्यसबाट प्राप्त सूचनाहरु समेत जानकारी भयो । त्यसै गरी प्यूठान नगरपालिकाले वनाएको नगर विकास योजना, जि.वि.स. जिल्लाको वस्तुगत विवरण, जिल्ला तथ्याङ्क कार्यालयको जिल्लाको वस्तुगत विवरण, विद्यालयको विवरण, विभिन्न विद्वानहरुले लेखेका पुस्तकहरु, विभिन्न समयमा प्रकासित लेख, रचना जस्ता सामग्रीहरुको अध्ययन गरी द्वितीय तथ्याङ्कको संकलन र अध्ययन गरियो । यसबाट प्राप्त तथ्याङ्कका आधारमा यस शोध तयार गरिएको छ ।

## ८.१ सारांश

तथ्याङ्क संकल्प र अध्ययनवाट प्राप्त सूचनाका आधारमा यस अध्ययनको सारांश निम्न अनुसार प्रस्तुत गरिएको छ ।

१. अध्ययन क्षेत्रका दलित महिलाहरु १५ वर्ष भन्दा माथि उमेर भएका छन् ।

२. अध्ययन क्षेत्रका महिलाहरुमा ४३ जना विवाहित १ जना अविवाहित र २ जना श्रीमान्सँग छुट्टै वस्ने ४ जना विधवा छन् ।

३. अध्ययन क्षेत्रका महिलाको परिवारिक शैक्षिक अवस्था प्रा.वि. पढेका ३५.६२ नि.मा.वि. मा अध्ययन गरेका २१.२४ प्रतिशत मा.वि.मा अध्ययन गरेका

११.६७ प्रतिशत उच्च मा.वि. अध्ययन गरेका १.६९ प्रतिशत र उच्च शिक्षा पढ्ने २.६१ रहेका थिए । जम्मा ३०६ जनामा अध्ययन गरिएको थियो ।

४. वाल विद्या मा.वि.मा विद्यार्थी भर्नाको अवस्था अध्ययन गर्दा दलित छात्रा भर्नाको अवस्था उल्लेखनीय रहेको पाइयो । भर्ना भएका विद्यार्थीहरु मध्ये दलित छात्राहरुले कक्षा छोड्ने र अन्तिम परीक्षामा उत्तिर्ण नहुने धेरै पाइयो । प्रा.वि., नि.मा.वि र मा.वि. तिनै तहको औसत २०७० मा ६७.९८ प्रतिशत मात्र परीक्षामा सम्मिलित भएको पाइयो भने भर्ना भएका मध्ये प्रा.वि., नि.मा.वि. र मा.वि. मा औषत ४९ प्रतिशत मात्र उत्तिर्ण भएको पाइयो । यसरी भर्ना हुने दलित छात्रा धेरै भएपनि परीक्षामा सम्मिलित हुने र अन्तिममा कक्षा उत्तिर्ण हुने दलित छात्रा कम रहेको जानकारी भयो ।

५. तिन जना महिलाको व्यक्तिगत अध्ययन बाट दलित महिलाहरु आर्थिक अवस्था कमजोर भएको पारिवारिक अवस्था कमजोर र दलितहरु कृषिकार्य गर्न वावुआमालाई सघाउनुपर्ने कारण दलित केटीहरुले पढ्न नपाएको र आफूले आफ्ना छोरीलाई जसरी पनि पढाउने कुरा व्यक्त गरेका थिए । यसबाट दलित महिलामा वर्तमान समयमा शिक्षा प्रति सकारात्मक विचार रहेको पाइयो ।

६. दलित महिलाहरु जन्म मृत्यु जस्ता संस्कारमा कर्ताको भूमिका निर्वाह ागर्न पाउदैनन् । उनीहरु सहयोगीमात्र हुन्छन् । त्यसैगरी पितृपूजा, कुलपूजामा पनि कर्ताको भूमिका निर्वाहा नगरी सहयोगी मात्र हुन्छन् । घरायसीकार्य पशुपालनमा दलित महिलाको भूमिका वढी हुन्छ । वाजाघाजा वजाउन महिलाको भूमिका नगन्य हुन्छ । वर्तमानमा केही संघ संस्थामा सदस्य भएको पाइन्छ । यसरी दलित महिलाको सामाजिक क्रियाकलापमा पनि न्यून भूमिका रहेको जानकारी भयो ।

७. अध्ययन स्थलका महिलाहरुको पेशा हेर्दा उनिहरु कृषि र पशुपालनमा वढी संलग्न भएको पाइयो । वर्तमान समयमा केही महिलाहरु सिलाइकटाइ, खुद्रा पसल गर्ने र विद्यालयको परिचर जस्ता पेशा गरेको पनि पाइयो ।

८. दलित महिलाहरुमा हुने छुवाछुत अध्ययन क्षेत्रमा केही कम भएको पाइयो । घर, मन्दिरमा पुजा सामग्रीमा छुवाछुत हुन गरेको पाइयो । त्यसैगरी होटेल, सामुहिक कार्यमा जातिय छुवाछुत र भेदभाव नहुने पाइयो । यसबाट जातिय छुवाछुतमा केही कम भएको जस्ता कारणहरुको जानकारी भयो ।

१०. सामाजिक अवस्थाले दलित महिलाहरुको शिक्षामा पहुँच वढ्न नसकेको देखिन्छ, त्यसैगरी सामजिक रुपमा नै अपहेलित हुनु परेको कारणले दलित छात्राहरु विद्यालयमा भर्ना भएपछि कक्षा छोड्ने र अन्तिम परीक्षामा उत्तिर्ण कम हुने गरेको पाइयो ।

११. दलित महिलामा केहि वर्ष पहिले भन्दा वर्तमान समयमा शिक्षा दिनुपर्छ । छोरा छोरी दुवैलाई पढाउनु पर्छ भन्ने भावना विकास भएको पाइयो । उनीहरुले आफ्ना छोराछोरीलाई अहिले विद्यालयमा पढाएका छन् । यसवर्ष साक्षर प्यूठान घोषणा कार्यक्रमले झन दलित महिलाहरु सवैलाई साक्षर वनाएको छ (केही ६० वर्ष माथिका वाहेक) यसबाट पनि शिक्षा प्रति सकारात्मक प्रभाव परेको देखिन्छ ।

१२. दलित महिलाको आर्थिक अवस्था कमजोर भएको र उनीहरुले धर्म, संस्कृतिले पनि अपहेलित गरेको कारणले उच्च शिक्षा हासिल गरी सरकारी जागिर खान नसकेको देखिन्छ ।

## ८.२ निस्कर्ष

राष्ट्रिय रुपमानै महिलाहरु पिछडिएको लैङ्गिक विभेदको सिकार भएको आवश्थामा दलित महिलाहरु पनि पछाडी पर्नु स्वाभाविक हो । प्यूठान नगरपालिका वडा नं. १६ मा रहेका दलित महिलाहरुको पनि अवस्था नाजुक रहेको छ । समाजमा दलित महिलाहरु आफ्नै प्रकारको सुख, दुख पारिवारिक समझदारी रहेपनि अन्य जातीको तुलनामा चेतनाको कमी, शिक्षाको कमी, जातीय रुपमा शोषण र राज्यद्वारा बनाइएका कानुनको जानकारीको कमी जस्ता कारणले दलित जातिमाथि जातिय छुवाछुत, दमन र शोषण जस्ता कुराहरु विद्यमान रहेको देखिन्छ । समाजमा दलित महिलाहरु दोहोरो

मारमा परेका एकातिर दलित भएको र अर्कातिर महिला भएको कारण उनीहरुको आफ्नो विकास गर्न नसकेको समाजमा उनीहरुको कृषि देखि वाहेक अन्य पेशा नगन्य मात्रामा छ । यसले गर्दा दलित महिलाहरु खेतिपाती गर्ने, वस्तुभाउको स्याहार, सुसार गर्ने जस्ता कार्यमा मात्र दिन विताएको देखिन्छ । उनीहरुले धार्मिक क्रियाकलाप, पुजाआजा, जन्म, मृत्यू र विवाह जस्ता संस्कारमा कर्ताको भूमिका निर्वाद जस्ता संस्कारमा कर्ताको भूमिका निर्वाह गर्न पाउदैनन् । उनीहरुले केवल सहयोगिको मात्र भूमिका निर्वाह गरेका हुन्छन् । शैक्षिक दृष्टिले हेर्दा पनि उनीहरु पछाडी परेका छन् । दलित छात्रहरु विद्यालयमा भर्ना भएपनि राम्रो गर्न सकेको देखिदैन । प्राथमिक तह सम्म विद्यालय जाने वालवालिका प्रत्येक तहमा भए पनि उच्च शिक्षा पढ्ने २ जना मात्र देखिन्छन् । यसवारे मुल कारण दलित छात्राहरुले विचैमा कक्षा छोड्नु हो ।

दलित महिलाहरुलाई अगाडी वढाएर समाज र देशको विकास गर्नु आजको आवश्यकता हो । गाउँमा जनचेतनाको विकास गरेर, शैक्षिक जागरण ल्याएर, समाजमा रहेको अन्य विश्वासलाई हटाएर, जातीय छुवाछुत हटाएर, समाजमा आय आर्जनका कृषि देखि वाहेक अन्य विकल्पहरु खोजेर हामीले दलित महिलाहरुलाई अगाडी वढाउन सकिन्छ । यसको लागि सामाजिक चेतना वढाउन सामाजिक कार्यकर्ता संघ, संस्था, शिक्षक, विद्यार्थी सवै लग्नु पर्दछ । सरकारले पनि दलित उत्थानका विभिन्न नियम र नीति वनाएर अगाडी वढ्न पर्दछ । स्थानीय निकायले पनि योजना वनाएर अगाडी वढ्नु पर्दछ । यसरी नै दलित महिला लगायत सम्पूर्ण महिलाको उत्थान गर्नु आजको आवश्यकता हो ।

## सन्दर्भसूची


आहुति (२०६७),: नेपालमा वर्ण व्यवस्था र वर्ण सङ्घर्ष, पुल्चोक ललितपुर नेपाल, समता फाउन्डेशन ।

दलित महिला सङ्घ (२०६३),: नेपालमा दलित महिला संघ, केन्द्रिय कार्यालय कुपन्डोल ललितपुर ।

अर्याल, भोजेन्द्र (२०६८),: नेपाली समाज र संस्कृतिका उपागमहरु काठमाडौ : नेपाल, ज्ञान कुञ्ज प्रकाशन ।

लाम्दागे भोजमान (२०६१),: नेपालमा दलित मानव अधिकारको अवस्था (२००४) र कानूनी व्यवस्था, काठमाडौ, जन उत्थान प्रतिष्ठान न्यू प्लाजा पुतली सडक ।

आर्चाय बलराम (२०६८), लैङ्गिकल र महिलावादी अध्ययन, भोटाहिटी काठमाडौँ, नेशनल बुक सेन्टर।

मिश्र चैतन्य (२०६७) दलित समस्या र राजनीति र अर्थशास्त्र, ललितपुर, समता फाउण्डेशन ।

गौतम टङ्केश्वर (२०१७),: प्यूठानको भूगोल, प्यूठान प्रेस ।

खत्री शान्ता, (२०५८) कामी जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था, अप्रकाशित शोधपत्र, त्रिभुवन विश्व विद्यालय किर्तिपुर ।

घिमिरे तुल्सीराम (२०७२), : सार्की जातिको सामाजिक र आर्थिक अवस्थाको अध्ययन, काठमाडौँ गोठाटार गा.वि.स., अप्रकाशित शोधपत्र, त्रिभुवन विश्व विद्यालय किर्तिपुर ।

शर्मा जनकलाल (२०५६),: हाम्रो समाजको एक अध्ययन, काठमाडौँ, साझा प्रकाशन ।

राष्ट्रिय योजना आयोग (२०७०), तेह्रौं योजना (२०७०-२०७३), नेपाल, राष्ट्रिय योजना आयोग ।

के.त.वि. (२०६८), : जनगणना (२०६८) नेपाल केन्द्रिय तथ्याङ्क विभाग ।

के.त.वि. (२०७०), : नेपालको आर्थिक सर्वेक्षण (२०७०), नेपाल केन्द्रिय तथ्याङ्क विभाग ।

ने.स. (२०६३), : “सबैका लागि शिक्षा २००४-२००९ मूल दस्तावेज” काठमाडौँ, नेपाल सरकार ।

ज.उ.प्र. (२०६०), : जनउत्थान प्रतिष्ठानको प्रतिवेदन, काठमाडौँ जन उत्थान प्रतिष्ठान ।

ने.स. (२०७२), : नेपालको संविधान २०७२, काठमाडौ, कानुन किताब व्यवस्था समिति ।

जि.शि.का. (२०७२),: जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन, प्युठान, जि.शि.का. ।

जि.शि.का. (२०७२): साक्षर प्यूठान घोषणा प्रतिवेदन, प्यूठान, जि.शि.का ।

प्यू.न.पा. (२०७२) : नगर विकास योजना, प्यूठान, प्यूठान नगरपालिका ।

दलित आयोग (२०६१) : दलित आयोग स्मारिका नेपाल, दलित आयोग ।

ने.रा.प्र.प्र. (२०५२) : वृहत नेपाली शब्दकोश, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

रा.यो.आ. (२०७०), तेह्रौँ योजना २०७० - २०७३, काठमाडौँ, राष्ट्रिय योजना आयोग ।

Bennet Lynn (1983),: Dangerous wives and sacred sister : Social and Symbolic Role of High Caste Woman in Nepal, Colambia Univerisity Press

Marry M. Cameron : (2005) on the Edge of the Auspicious Gender and Cast of Nepal, Mandala Publication .

March Kathryans (2002) : "If each comes half way: Meeting tamang women in Nepal" Cronell University Press London.

## अनुसूची - १

## अध्ययन क्षेत्रका महिलाको पारिवारिक विवरण

| क.सं. | घरमुलिको नाम | श्रीमति | छोरा | छोरी | बुहारी | नाती | नातिनी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | सुरज नेपाली | १ | १ | १ | - | - | - | ४ |
| २. | लोक बहादुर सार्की | १ | १ | २ | - | - | - | ५ |
| ३. | इन्द्र बहादुर नेपाली | १ | १ | ३ | - | - | - | ६ |
| ४. | अना बहादुर नेपाली | १ | २ | १ | २ | २ | १ | १० |
| ५. | ईश्वर बहादुर नेपाली | १ | २ | १ | - | - | - | ५ |
| ६. | सुरज सुनार | १ | १ | ३ | - | - | - | ६ |
| ७. | क्वारी नेपाली | विधवा | १ | - | १ | ३ | २ | ८ |
| ८. | मनगउले परियार | विधवा | १ | - | १ | १ | १ | ५ |
| ९. | देदमान सुनार | १ | २ | - | २ | २ | २ | १० |
| १० | सूर्य बहादुर सुनार | १ | ३ | - | २ | २ | २ | ११ |
| ११. | प्रेम नेपाली | १ | १ | - | १ | १ | ३ | ८ |
| १२. | जिभा सुनार | छुट्टै बसेको | १ | १ | - | - | - | ३ |
| १३. | गंगा बहादुर सुनार | १ | १ | १ | - | - | - | ४ |
| १४ | सरस्वती सुनार | अविवाहित | - | - | - | - | - | १ |
| १५. | भरत सुनार | १ | १ | १ | - | - | - | ४ |
| १६. | आत्मराम सुनार | १ | १ | २ | - | - | - | ५ |
| १७. | हन्चे सुनार | १ | १ | २ | - | - | - | ५ |
| १८. | टिम्मुर चाउरे | विधवा | - | - | - | - | - | १ |
| १९. | सूर्य बहादुर नेपाली | १ | १ | १ | - | - | - | ४ |
| २० | विष्णु बहादुर सुनार | १ | १ | १ | - | - | - | ४ |
| २१. | कृष्ण बहादुर सुनार | १ | २ | १ | - | - | - | ५ |
| २२. | झेक बहादुर सुनार | १ | १ | १ | २ | १ | - | ७ |
| २३. | अशोक परियार | १ | - | - | - | - | - | २ |
| २४. | सालिग्राम सुनार | १ | २ | - | २ | ३ | ४ | १३ |
| २५. | गोपाल सुनार | १ | १ | १ | - | - | - | ४ |
| २६. | चोपाल सुनार | १ | १ | १ | - | - | - | ४ |
| २७. | हरि बहादुर सुनार | १ | २ | १ | १ | १ | - | ७ |
| २८. | हिमाल परियार | १ | १ | १ | - | - | - | ४ |
| २९. | मीन बहादुर सुनार | १ | २ | १ | - | - | - | ५ |
| ३०. | दुजमान सुनार | १ | २ | १ | २ | २ | २ | ११ |
| ३१. | कमरा नेपाली | १ | १ | १ | - | - | - | ४ |
| ३२. | फुर्से नेपाली | १ | २ | २ | २ | १ | - | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३३. | कृष्ण बहादुर नेपाली | १ | २ | - | २ | ३ | ४ | १३ |
| ३४. | रमेश नेपाली | १ | १ | २ | - | - | - | ५ |
| ३५. | बिक्रम नेपाली | १ | १ | २ | - | - | - | ५ |
| ३६. | जुँठे नेपाली | १ | १ | - | १ | १ | २ | ७ |
| ३७. | जित बहादुर नेपाली | १ | २ | - | २ | १ | २ | ९ |
| ३८. | गोबिन्द विश्वकर्मा | १ | १ | २ | - | - | - | ५ |
| ३९. | तिर्खे सुनार | १ | १ | २ | १ | - | - | ६ |
| ४०. | मोहन सुनार | १ | ५ | १ | २ | १ | - | ११ |
| ४१. | विकास नेपाली | १ | १ | १ | - | - | - | ४ |
| ४२. | शान्ति नेपाली | छुट्टै बसेको | १ | १ | - | - | - | ३ |
| ४३. | जित बहादुर नेपाली | १ | १ | २ | - | - | - | ५ |
| ४४. | राम कृष्ण विश्वकर्मा | १ | २ | १ | १ | - | - | ६ |
| ४५. | प्रेम विश्वकर्मा | १ | १ | २ | - | - | - | ५ |
| ४६. | गोफे्ल विश्वकर्मा | १ | २ | - | २ | २ | ३ | ११ |
| ४७. | शान्ति विश्वकर्मा | विधवा | १ | - | १ | १ | २ | ६ |
| ४८. | काली बहादुर सुनार | १ | १ | २ | - | - | - | ५ |
| ४९. | भेडाबारे नेपाली | १ | २ | २ | १ | २ | १ | १० |
| ५० | नुम बहादुर नेपाली | १ | १ | ३ | - | - | - | ६ |
| जम्मा | | ४३ | ६७ | ५४ | ३१ | ३० | ३१ | ३०६ |

## अनुसूची - २

## व्यक्तिगत विवरण सर्वेक्षण फारम

१. उत्तरदाताको नाम

२. उमेर

३. लिङ्ग

४. पेशा

५. शिक्षा

६. धर्म

पारिवारीक विवरण : परिवारको सदस्यको संख्या

| क.सं. | नाम | घलमुलिसँग सम्बन्ध | छोरा | छोरी | बुहारी | नाति | नातिनी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**शिक्षा**

१. निरक्षर

२. साक्षर

३. प्राथमिक तह पास

४. निम्न तह पास

५. माध्यमिक तह पास

६. उच्च माध्यमकि पास

७. उच्च शिक्षा पास

**पेशा**

१. कृषि

२. नोकरी

३. व्यापार

## अनुसूची - ३

## स्थलगत अध्ययनका क्षेत्रका महिलालाई सोधिएका प्रश्नहरु

१. तपाईको परिचय दिनुहोस् ।

२. तपाईको परिवारमा कति सदस्य हुनुहुन्छ ?

३. तपाईहरु कुन-कुन मेला पर्व मनाउनु हुन्छ ?

४. घरमा मनाइने मेला पर्वमा तपाई कुन-कुन काम गर्नुहुन्छ ?

५. तपाईको जातिय परम्परा अनुसार कुन-कुन संस्कार हुन्छन् ?

६. जन्म, मृत्यु, विवाहका कार्यक्रममा महिलाको भूमिका तपाईको समुदायमा कस्तो रहेको छ ?

७. धार्मिक क्रियाकलाप पूजा आजामा महिलाको भूमिका के के हुन्छ ?

८. तपाई मठ-मन्दिरमा पूजा आजामा जानु हुन्छ कि हुँदैन ?

९. तपाईको परिवारमा तपाईले कस्ता कस्ता निर्णय गर्न सक्नु हुन्छ ?

१०. कुन कुन निर्णय गर्न सक्नु हुँदैन ?

११. तपाईको विवाह भएको छ ?

१२. विवाहमा तपाई आफैँ निर्णय गर्न सक्नु भयो कि आमाले गराई दिएको हो ?

१३. तपाईका समुदायमा बाजा गाजा बजाउने (पञ्चेबाजा) कार्य हुन्छ ? त्यसमा महिलाको सहभागिता हुन्छ कि हुँदैन ?

१४. तपाईको समुदायमा कुन-कुन सामुदायिक संस्था छन् ?

१५. तपाई सहकारी, आमा समूह, महिला समूह, क्लब, वडा कार्यालय कहाँ कहाँ संलग्न हुनु हुन्छ ?

१६. तपाईको परिवारमा कुनै विशेष जिम्मेवारी छ ? छ भने बताईदिनु हुन्छ कि ?

## अनुसूची - ४

## दलित समाजमा छुवाछुतको अवस्था सम्बन्धी प्रश्न

१. तपाईको समुदायमा छुवाछुत सम्बन्धी भेदभाव छ कि छैन ?

२. तपाईलाई ठूला जातिको घर भित्र पस्न दिन्छन् कि दिदैनन् ?

३. मन्दिरमा पूजा आजा गर्ने सामग्री छुन दिन्छन् कि दिँदैनन् ?

४. तपाई ठूला जातिसँग मन्दिरमा सँगै पूजा गर्न पाउनु हुन्छ ?

५. धारामा पानी भर्दा छुवाछुत गर्छन् कि गर्दैनन् ?

६. होटेलमा खाना खाँदा, नास्ता खाँदा छुवाछुत हुन्छ कि हुँदैन ?

७. विद्यालय भित्र विद्यार्थी बिच छुवाछुत हुन्छ कि हुँदैन ?

८. ठूला जातिको घरको भोज भटेरमा छुवाछुत हुन्छ कि हुँदैन ?

९. महिला समूह, आमा समूह र अन्य सामुदायिक कार्यक्रममा छुवाछुत हुन्छ कि हुँदैन ?

१०. १० देखि १५ वर्ष स्कुल जाने बाल बालिकाहरुलाई सोधिएका प्रश्नहरु ।

- तपाईको नाम भन्नुहोस् ।
- तपाई विद्यालय जानुहुन्छ कि जानु हुँदैन ?
- नजाने भए किन बिचैमा पढाई छोडेको ?
- पढ्नलाई तपाईलाई के के समस्या परे ?
- जाने भए कति कक्षामा पढ्नु हुन्छ ?
- तपाईलाई पढ्न कुनै समस्या छन् ?
- तपाईले पढाईका अतिरिक्त कुन कुन कार्य गर्नुहुन्छ ?
- घरको कामले पढ्न बाधा परेको छ ?
- पढाईलाई निरुन्तरता दिने विचार छ कि छैन ?

# अनुसूची - ५

## सर्वेक्षण स्थलमा महिलाको शैक्षिक अवस्थामा परिवर्तन हुनुका कारणहरु सम्बन्धमा सोधिएका प्रश्न

- तपाईको परिचय दिनुहोस् ।
- तपाईको छोरा, छोरी, विद्यालय जान्छन् कि जाँदैनन् ?
- तपाईको परिवारमा निरक्षर कुनै छन् कि छैनन् ?
- तपाईको समुदायमा अब छोरा छोरी, नाति, नातिनीलाई पढाउनु पर्छ भन्ने भावना छ कि छैन ?
- छोरा, छोरी, दुवैला विद्यालय पढाउनुहुन्छ ?
- छात्रवृत्ति पाउँछन् कि पाउँदैनन् ?
- छात्रवृत्ति पाएपछि केटाकेटिहरु विद्यालय जान मन गर्छन् कि गर्दैनन् ?
- विद्यालय टाढा त छैन नि ?
- तपाई के कारणले गर्दा आफ्ना छोराछोरीलाई विद्यालय पठाउनु हुन्छ ?
- तपाईको आयस्रोत परिवर्तन गरेर पनि विद्यार्थी पढाउन सजिलो भएको हो ?

## ५० भन्दा माथिका महिलालाई सोधेको प्रश्न

- छुवाछुत कुन कुन ठाउँमा बढि हुन्थ्यो ?
- ३० वर्ष अघि दलितहरु ठूला जातिसँग कस्तो व्यवहार गर्नु पर्दथ्यो ?
- आजभोलिका युवाहरुको व्यवहारमा छुवाछुतको अवस्था कस्तो देख्नुहुन्छ ?
- विद्यालय, धारा, कुवामा छुवाछुत हुन्छ कि हुँदैन ?